# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (अन्ठाउन्नौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०५।१४ गते

**माननीय सदस्यहरू, आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।**

माननीय सदस्यहरू शून्य समयमा बोल्न माननीय सदस्यहरूको नाम प्राप्त हुन नआएकाले शून्य समयको क्रम यही समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समयभित्र माननीय सदस्यहरूले आ-आफ्नो स्थानबाट आ-आफ्नो भनाइ राख्न हुन अनुरोध गर्दछु ।

**सर्वप्रथम माननीय सदस्य श्री मीना गुरुङ, समय ७ मिनेट**

**माननीय सभामुख महोदय**, हामीले संघीयताको अभ्यास शुरु गरिसकेको अवस्थामा कतिपय संघीय कानून बमोजिम बनेका संरचनाहरू प्रदेश मातहतमा बनाउन कानून ल्याउनु पर्ने आवश्यकता देखिरहेका छौं । संघीय सरकार र प्रदेश सरकारको अधिकार बाँडफाँड र ग्याप देखिँदा कानूनद्वारा सू-स्पष्ट बनाउन पर्ने हुन्छ । त्यसैले हामीहरू धेरै भन्दा धेरै कानूनहरू बनाउन लागिरहेका छौं र आवश्यकता अनुसार छिट्टै श्रम ऐन र महिला ऐनको पनि हामीलाई खाँचो भएको पनि म यति बेला गरिमामय हाम्रो सभाबाट हाम्रो सभामुखलाई अनुरोध गर्न चाहन्छु ।

**माननीय सभामुख महोदय,** म यति बेला महिलामाथि हुने जघन्य अपराधबारे संघीय सरकार संवेदनशील भएर एसिड आक्रमण सम्बन्धी अध्यादेश ल्याएको छ । जुन अध्यादेशमा सजाय थप गरिएको छ । एसिड प्राहरले महिलाको शारीरिक मात्र नभै भावनामासमेत गहिरो चोट पुऱ्याएको छ । वास्तवमा यो एसिड प्रहार एउटा जघन्य अपराध हो । जसरी सरकारले एसिड आक्रमणका सम्बन्धमा अध्यादेश ल्याएको छ । त्यसैगरी सरकारको अहिले

देशभर भएका बलात्कार पछि हत्याको घटनामा पनि संवेदनशीलता देखाउन जरुरी भएको कुरा म अनुरोध गर्न चाहन्छु ।

माननीय सभामुख महोदय, बलत्कारीलाई फाँसी सम्बन्धी सजाय हुनुपर्छ भनेर हाम्रा संघीय केही सांसदहरूले विषय उठान पनि गर्नु भएको छ । बलत्कारका घटनामा कोही पनि निर्दोष व्यक्ति दोषी करार हुनुहुँदैन र कोही दोषी व्यक्ति उम्कन पाउन हुँदैन । हाम्रो समाजमा पैसाको लोभ देखाएर पीडित पक्षलाई मिल्ने दबाब दिई कति भद्र भलाद्मीहरू समेतलाई कठोरतापूर्वक कार्वाही गर्ने कानून कार्यन्वयनमा जोड दिनुपर्छ । जसले गर्दा राजनैतिक आँड, प्रशासनिक आँड र समाजका ठूला भनिनेहरूको आँड लिएर घटना दबाउने, दण्डहीनता सिर्जना गर्ने अवस्थाको अन्त्य गरिनु पर्दछ । घटनाको अनुसन्धान गर्ने निकाय प्रहरीको कार्यालय र प्रहरीलाई स्वार्थ र प्रलोभनमा पार्नु हुँदैन । पीडित पक्षले समय मै न्याय पाउनु पर्छ र कुनै पनि सरकारले नियम कानून निर्माण गर्दा, दुर्गामी अनुसारको सोच हुनुपर्दछ । समाजलाई गलत बाटोतिर जाँन नदिन, समाजमा घटित घटनाहरूको तदारूपताका साथ छानविन गर्न कार्यन्वयनको पाटोमा हामी सबै अग्रसर हुनुपर्दछ ।

माननीय सभामुखज्यू, यति बेला हाम्रो कोरोनाको प्रभावमा महिला आमा दिदीबहिनीहरू अझ थप समस्यामा परेका छन् । काम थपिएको छ । मानसिक तनावले व्यग्रतापूर्ण जीवन व्यतित गरिरहेका छन् । दिनप्रतिदिन आएका बलत्कार जस्ता घटनाको यो उपज के हो ? भन्ने बारेमा छलफलको विषय त छदैछ तर यो समस्यालाई न्यूनिकरण गर्न प्रदेश सरकारको ध्यान बढी तदारुकता साथ लाग्नको लागि सबैको यहाँ गम्भिर भएर ध्यान केन्द्रित गर्नको लागि हामी सबैले यतिबेला यो विषयतिर बढी चाँसो दिनुपर्ने कुरा मैले महसुस गरेकी छु । महिला हिंसा, त्यसमा पनि घरेलु हिंसा, कार्यथलोमा हुने हिंसा जस्ता अमानवीय कुकृत्य प्रति हाम्रो तीनवटै सरकारले गम्भिर भएर सोच्ने बेला आएको छ । समस्याका समाधानका लागि के कस्ता नीतिनियम बनाउनु पर्छ सोच अगाडि बढाउन माग गर्दै अन्तमा अति अशक्त, अपाङ्गता भएका व्यक्ति र ६० वर्ष भन्दा कम उमेरका एकल महिलाका सामाजिक सुरक्षा भत्ताको सन्दर्भमा नेपाल सरकारले सामाजिक सुरक्षा ऐन २०७५ संशोधन नभएसम्म दुवै वर्गलाई भत्ता निरन्तरता दिने भनिएकोमा हाल नदिने परिपत्र जारी भएको बारे हाम्रा एकल महिला तथा अशक्त व्यक्तिहरू अहिले आन्दोलित भइरहेका छन् । यसैले म यो गरिमामय सभाबाट माननीय सभामुखमार्फत सरकारलाई हाम्रो यतिबेला ज्यादैनै पीडित भएका आमा दिदीबहिनी, किशोरीहरू र बलतकृत भएर आफ्नो पीडा असह्य भएर जुन किसिमको एउटा आफूले आफ्नो ज्यानै गुमाउनु पर्ने अवस्थामा पुगेका त्यस्ता हाम्रा नेपाली दिदीबहिनी बालबच्चाहरूको ज्यान बचाउनको लागि पनि यो देशमा सुशासन कायम गर्नको लागि पनि छिटोभन्दा छिटो हाम्रो सरकारले पनि

राम्रो छानविन गरी एउटा राम्रो नीति नियम बनाउनको लागि र त्यो नीति नियम बनाइ सकेपछि त्यसलाई प्रभावकारी रूपमा कार्यन्वयन गर्नको लागि यो क्षेत्र सक्रिय होस् भन्नी गरी विशेष गरेर म अनुरोध गर्दै शसक्त भएर काम गर्नको लागि पनि विशेष अनुरोध गर्दै अहिलेलाई विदा हुन्छ हस् त धन्यवाद !

**माननीय सदस्य, श्री प्रकाशचन्द्र दवाडी, समय ६ मिनेट**

सभामुख महोदय, आज नेपालमा आएको लोकतन्त्र, गणतन्त्र जसरी सोचेका थियौं त्यो हुन नसकेको र आज सरकार चलाउने साथीहरूले यहाँ धेरै आवाजहरू सुनिन्छ । मीठो सुनिन्छ । मलाई अचम्म लाछ । अविरल वर्षाको कारण धेरै ठाउँमा कोभिड सँगसँगै अविरल वर्षाका कारणले धेरै ठाउँमा विचल्ली भएको छ । सरकार के हेरेर बसेको छ ? के गरेको छ ? जनता आत्तिएको अवस्था छ सभामुख  महोदय । आज म गोर्खाको बार्पाक वडा नं. ८ तीन खण्डे भन्ने ठाउँमा ९ घर बस्ने ठाउँ नभएर विचल्ली भाको छ, सभामुख महोदय, यो कुरामाा सरकारले अहिलेसम्म चासो नदिएको मलाई अनुभूति, भएको जनताहरूलाई पनि अनुभूति भएको छ । यसलाई यो बस्ती नै सार्न पर्ने अवस्था छ सभामुख महोदय, यसलाई सुलीकोटको वडा नं. ५ र ६ मा शंकर पनेरु, पशुपति थापा, बुद्धिबहादुर राना, बलबहादुर कुँवर, लोकबहादुर बराम, रामबहादुर ढकाललगायत धेरै व्यक्तिका घरहरू विचल्ली जोखिम अवस्थामा छ ।

सभामुख महोदय, यो कुरालाई सरकारले अहिलेसम्म चाँसो नदिएको अनुभूति भएको छ । त्यस्तै अजिरकोट गाउँपालिका धन्सीरा भन्ने ठाउँमा ५ घर तत्काल बस्ती नै सार्नु पर्ने अवस्था छ सभामुख महोदय । अजिरकोटकै २ नं. कोलाङ भन्ने ठाउँ लमजुङको पारिपट्टी त्यहाँ ३५ घर एकै ठाउँमा छन् । त्यो ३५ घरमा ७ घर तत्कालै अर्को अन्यत्र लानुपर्ने छ सभामुख महोदय, भने अहिलेसम्म सरकारले चाँसो नदिएको अनुभूति भएको छ । त्यस्तै शिरानचोक गाउँपालिका चिलाउने गाउँमा २ घर, शिरानचोके घर तल्लो कमलवारी भन्ने ठाउँमा २ घर लगायतका धेरै ठाउँमा छन् सभामुख महोदय, यसमा सरकारले अहिलेसम्मन त्यहाँ विज्ञ पठाएर त्यो ठाउँको भूगोललाई कमसेकम अलिकति ध्यान दिएर यो भूगोल सार्न पर्छ कि पर्दैन भन्ने कुरा किन सरकारले चाँसो नदिएको सभामुख महोदय ? अब त धान काट्ने बेला भयो सभामुख महोदय, केन्द्रीय सरकारले त केही गरेन गरेन तर प्रदेश सरकारले कृषकले मल नपाएर कृषिले मल नपार अहिलेसम्म विचल्ली भाको छ । अब त जरुर नहोला ! पछिलाई होला ! तर त्योमा पनि किन सरकारले ध्यान नदिएको ? सभामुख महोदय, ध्यान दिनुपर्छ जस्तो मलाई लाग्छ । मलाई बारम्बार गरेको सभामुख महोदय, यो १२ किलो बाप्राकको सडक निर्माण व्यवसायी साथीहरूले लिनु भाको छ । त्यो अहिले पनि

विचल्ली अवस्थामा छ । त्यसलाई तुरुन्तै सरकारले अनुगमन गरेर कति काम भाको छ ? पुष्टि यहाँ सदनमा जानकारी गराउन चाहन्छु । सभामुख महोदय ।

अर्को यहाँ साथीहरूसँग नि कुरा गरें सभामुख महोदय, सातदोबाटो पुलुङटार जानेबाटो निर्माण व्यवसायी साथीहरूले लिनु भाको छ त्यो काम अगाडि बढेकै छैन सभामुख महोदय, त्यसलाई पनि तुरुन्तै सरकारबाट कमसेकम अनुगमन जाने । यहाँ सरकार त नेपालको सरकार, गण्डकी सरकार र केन्द्रीय सरकार त कता मलाई लाग्छ छिमेकी राष्ट्रले चलायो कि जस्तो लाग्छ सभामुख महोदय, सधैं चीनका राष्ट्र हाम्रो राजदूत सधैं सरकारलाई आवाज दिने सरकारलाई सधैं सुझाव दिने यसरी गण्डकी सरकार चल्छ ? त्यसरी केन्द्रीय सरकार चल्छ ? सभामुख महोदय, कमसेकम आफ्नो निर्णयबाट हाम्रो तागतबाट योमा भएका जनतालाई सौलियत कमसेकम सहानुभूति आत्मविश्वास दिने काम गर्नु पर्‍यो । सभामुख महोदय, राज्यमा बस्ने साथीहरूले सधैं मिठो गान मिठो कुरामात्र गरेर हुँदैन । जनतालाई के परेको छ यथार्थमा सत्यतथ्य के भएको छ ? त्यो कुरालाई ध्यान दिनु पर्छ जस्तो मलाई लागेको छ सभामुख महोदय, तत्कालमा भएका राहतको नाउमा हामी धेरै पीडित भएका छौं । राहत दिनुपर्छ तर स्थायी राहत दिनुपर्छ सभामुख महोदय, राज्यले दिने दुई चार हजार लगेर दिने तर जनताले एकछिन आँखा छल्ने काम भएको छ । बस्ने बासको व्यवस्था गर्नुपर्छ सभामुख महोदय ।

अघि मैले भनेका ठाउँहरूको विचल्ली अनुमान अन्य अरु जिल्लामा पनि धेरै छन् । जस्तै यहाँ बाग्लुङ धेरै ठाउँमा छन् तैपनि लमजुङमा पनि छन् सभामुख महोदय, मुख्यमन्त्रीले अहिले गण्डकी प्रदेश चलाइरहनु भाछ त्यही ठाउँमा पनि छन् तर कताकता सरकार आफ्नो पद र कुर्सीको लागि मात्र अल्झिएर राज्य चलाउन खोजेको र जनताको भावनालाई नबुझेको अनुभूति भएको छ । यो तत्काललाई अलिकति यो ठाउँमा बसेर हामी यहाँमात्रै गफ गरेर होइन ठाउँमा, फिल्डमा गएर बुझिदिन आग्रह गर्छु सभामुखमार्फत सरकारलाई एकछिन हामी यहाँ बोल्छौं यसको कार्यान्वयन भएको पाएका छैनौं सभामुख महोदय, किनभने यहाँ हामी बोलेका छौं हुन्छ भन्नुहुन्छ मन्त्रीज्यूहरूले आवाज दिनुहुन्छ सभामुख महोदय, तर जुन ठाउँमा जानुपर्ने हो, जुन ठाउँमा आवाज पुग्नुपर्ने हो, यहीमात्र सीमित भाको छ । हामी धेरै माननीयले सरकार पक्षका माननीयहरू प्रतिपक्षका हामी मानेहरूले पनि बोलेका छौं । तर त्यो बोलेर मात्र सीमित भाको छ । हामीले बोलेका कुराहरू तुरुन्तै कार्यान्वयन भए भने जस कस्ले पाउछ ? हामीहरूले पाउँदैनौं राज्यले पाउँछ, सरकारले पाउँछ, गण्डकी प्रदेशका नेतृत्व गर्ने साथीहरूले पाउँनुहुन्छ । त्यसैले मेरो आग्रह अनुरोध के छ भने अहिले तत्काल आदरणीय माननीयहरूलाई पूर्वाग्रही नगरीकन आफै मात्रै कुर्सीलाई जोगाउने काम नगरिकन तुरुन्तै गाउँमा गएर गाउँमा भएका बस्ती शहरमा भएका

बस्तीलाई अनुगमन गरियो र के हो त सत्यतथ्य पत्ता लगाइ त्यसको कार्यन्वयन गर्दिन आग्रह गर्दछु । धन्यवाद ! नमस्कार ! जयनेपाल ।

**माननीय सदस्य श्री मनबहादुर गुरुङ, समय ५ मिनेट**

माननीय सभामुखज्यू, कोभिड १९ का कारण केही दिन अगाडि परेको अविरल वर्षाका कारण बाढी पहिरोमा परी मृत्यु हुनुहुने सबै नेपाली दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै बाढी पहिरोमा परि घाइते हुनु भएका र कोभिड १९ का बिरामी हुनुहुने सम्पूर्णमा स्वास्थ्य लाभको कामना गर्दछु ।

सभामुख महोदय, सरकारले आज कोभिड १९ लाई जसरी भएपनि जित्नु छ । यसका लागि नियन्त्रण, रोकथाम, सचेत र सही व्यवस्थापन गर्दै आएको छ । यसको ज्वलन्त प्रमाणहरू हामी सबैले थाहा भएकै कुरा हो । सरकारले काम नगरेको भए आज ५५ हजार भन्दा बढी निको भएर घर फर्कने अवस्था हुने  थिएन । त्यस कारणले पनि म सरकारलाई धेरैधेरै धन्यवाद दिन चाहन्छु । अविरल वर्षाका कारण बाढी पहिरो गई सबैखाले बाटाहरू, कल्बट, सिँचाइ छेदविछेद, अस्थव्यस्त भई बाटाहरू बन्द भएको अवस्थामा छ सभामुख महोदय । हामी नेपालीहरूको महानचाड पर्व पनि नजिकै आइपुगेको छ हामी सबै नेपाली चाडपर्वमा गाउँघर जानुपर्ने हुन्छ । त्यस कारण बिग्रेको बाटोघाटो कल्बटलाई जस्ताको तस्तै बनाएर गण्डकी प्रदेशका जनताहरूलाई सर्वसुलभ तरिकाले गाउँघर जाने वातावरण बनाउन यो सरकार सक्षम हुनेछ भन्ने कुरामा मैले विश्वास लिएको छु ।

सभामुख महोदय, साथै अहिलेसम्म गाउँघर कोभिड १९ का प्रभावहरू न्यून छन् । अब चाडपर्वमा गाउँघर जानुपर्ने भएपछि कोभिड १९ का जोखिम दर ह्वातै बढ्ने प्रबल सम्भावनाहरू देख्छु । यसलाई पनि मध्यनजर गर्दै समयमा सचेत र सही व्यवस्थापन गर्नुपर्ने हुन्छ त्यसकारण सभामुखमार्फत म सरकारको ध्यानआकर्षण गराउन चाहन्छु सभामुख महोदय । जस्तै मेरो क्षेत्र बिग्रेको, बन्द भएको बाटोहरू क्रमश छ । राखीमिजुरे सैरेदेखि बाटो बन्द भएको छ । तालबेसीदेखि दिव्यानी चमेरबोट जाने बाटो बन्द भएको छ । स्याङ्खुदीदेखि जानेबाटो घुडेखोलामा कल्बट बगाउँदा बाटो बन्द भएको अवस्था छ । काहूँखोलादेखि सिक्लेस जानेबाटो लामो समयदेखि बाटो बन्द भएको अवस्था छ । सैमराङ, भाचोक, गहते, तासे, पाखेकोट, गोर्जे, रबैडाँडा, कोशीपर्प्यू, विजयपुर, घ्याम्रङ जानेबाटोहरू बन्द भएको अवस्थामा छ । यसकारण सभामुखमार्फत म सरकारलाई के ध्यान आकर्षण गराउन चाहन्छु भने बालीनालीको उठाउने बेला पनि भएको छ । चाडपर्व पनि हाम्रो नजिक आइसकेको छ । पर्यटन पनि असाध्यै राम्रो मौसम भएर आउने भएकोले चाडोभन्दा

चाडो यो बाटोलाई मर्मत सुधार गरी जस्ताको तस्तै गराइदिनुहुन म आग्रह गर्न चाहन्छु । निवेदन गर्न चाहन्छु । धन्यवाद !

## माननीय सदस्य श्री मनकुमारी गुरुङ, समय ५ मिनेट

माननीय सभामुख महोदय, यो मुलुकमा समस्या माथि समस्या थपिएको छ । कोरोना भाइरसका कारण अस्तव्यस्त भएको जनजीवन माथि अर्को आपत्ति आइपरेको छ । हालसालै परेको भारी वर्षाका कारण गोर्खाको बार्पाक सुलीकोट वडा नं. ८ तीनखण्डे गाउँको ७० घरधुरी एकदम जोखिममा परेको छ । वर्षाको कारण सबै चिराचिरा परेको हुनाले प्रदेश सरकारले भूगर्भविद्सहित अनुगमन गरी त्यहाँको जनताको वैकल्पिक व्यवस्थापन गरिदिनुहुन अनुरोध गर्दछु ।

सभामुख महोदय, गोर्खाको कच्ची धेरै जसो सडकहरु वर्षाको कारण अवरुद्ध भएको हुनाले र अब पनि दसैंतिहार नजिकीदै गएको कारण यसलाई गाडीसम्म चल्ने बनाउन आवश्यक भएको हुनाले प्रदेश सरकारले सम्बन्धित निकायमा समन्वय गरी छिटो काम गरी बाटो सूचारु गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु । प्रदेशबाट परेका योजनाहरू विगतका वर्षहरूमा जस्तो अलपत्र पर्न नदिनको लागि बेलैमा टेन्डर खुलेका नखुलेका सबै योजनाहरू अविलम्ब सूचारु गर्न ध्यानआकर्षण गराउन चाहन्छु । साथै सडक पिच गर्नको लागि हामीले मेनपावर भारतबाट ल्याउनुपर्ने भएको हुनाले सरकारको मापदण्ड अनुसार प्रक्रिया पुऱ्याएर कामदार ल्याउनको लागि ठेकेदारलाई काम गर्ने वातावरण तयार पारिदिनुहुन प्रदेश सरकारको ध्यान जाओस् भनी सभामुखमार्फत अनुरोध गर्न चाहन्छु । साथै बुढीगण्डकी आयोजनाले गोर्खा र धादिङ्गका गरेर ६० समुदायक वनहरू डुबानमा पर्ने भएकोले उक्त वन उपभोक्ताहरू बिचल्लीमा पर्ने भएको छ । यो विषयमा जिल्लाहरूमा हिजै मात्र उपभोक्ताहरू डेलीकेशन आएको थियो र जिल्ला समन्वयमा छलफल पनि भएको थियो । उनीहरूको विषयमा के गर्न सकिन्छ ? र उनीहरू अन्त उपभोक्ता बन्नको लागि १ सदस्य बराबर १ लाख २० हजार रूपैयाँ तिरेर बन्नु पर्ने रहेछ । त्यसैकारणले यो विषयमा प्रदेश सरकारले केन्द्रीय सरकारसँग समन्वय गरी आफ्नै प्रदेश भित्र त्यहाँका उपभोक्ताहरूलाई के गर्न सकिन्छ प्रदेश सरकारको विशेष पहल होस् भन्न चाहन्छु । अहिलेको कोभिड १९ को कारण धेरै बेरोजगारी युवाहरू अलपत्रमा परेका छन् । विदेशबाट आएकाहरू जागिरबाट हात धोएर आएको हुनाले तत्काल के गर्न सकिन्छ म सरकारको लागि प्रदेश सरकारलाई यो विषयमा ध्यान आकर्षण गराउन चाहन्छु । हस् धन्यवाद ! जय नेपाल !

**माननीय सदस्यहरू, (यो नाममा नमिलेको हुनाले यसलाई हटाएर रेकर्डमा मिलाएर राखिने छ) माननीय सदस्य श्री कृष्ण थापा समय ५ मिनेट**

माननीय सभामुख महोदय, म यहाँ प्रदेश र संघको योजनाहरू सम्पन्न गर्नको लागि आन्तरिक संयोजन कुन प्रकारले भइरहेको छ ? यो प्रश्न गर्न चाहन्छु र त्यसै सन्दर्भमा मालढुङ्गा, बूर्तिघाट, रामदी, कालीगण्डकी करिडोर विगतको वर्ष नेपाली सेनाले विस्तार गर्ने काम गरेको थियो त्यो बेला मैले भनेको थिएँ । विस्तार गर्दाखेरी ओढार पारियो भने पछि आएर त्यो पहिरोले धेरै समस्या गर्छ भनेको थिएँ । त्यो बेला त्यो कुरा सुनिएन र अहिले मालढुङ्गा, बलेवा, बरालडाँडासम्मका खण्डहरू असाध्यै नराम्रोसँग क्षतविक्षत भएको छ । त्यसकारण यसको मूल्याङ्कन र यसलाई सञ्चालन गर्नको लागि प्रदेश सरकारले विशेष भूमिका निर्वाह गरोस् भन्ने कुरा भन्न चाहन्छु । त्यसैगरेर जैमुनी नगरपालिकाको जैमुधाममा ४ वर्षदेखि एउटा मोटरयबल पुल बन्दै छ । सायद त्यो अझ कति वर्ष लाग्ने हो? हामीले त्यहाँ देखिरहेका छौं । एक महिना एसो ठेकदार आउँछ एसो किनार खोर्सीने गर्छ, अनि फर्के जान्छ यसरी ४ वर्ष त बिते तर त्यो क्षेत्रको सबभन्दा अत्यन्तै महत्वपूर्ण मोटरेबल पुल पनि हो । सायद हामी कालीकिनार तर्ने पुल पनि हो । त्यसकारण यस्तो किसिमको लापरवाही कहिलेसम्म रहिरहने हो ? र संघको यसमा कुन किसिमको भूमिका छन् पर्ने र प्रदेशको कुन किसिमको भूमिका हुनुपर्ने ? हाम्रो प्रदेशभित्रका यस्ता योजनाहरूलाई कुन किसिमले अगाडि बढाउनु पर्ने यस्ता विषयमा गम्भिर किसिमले ध्यान आकर्षण गराउन चाहन्छु ।

कोभिडको कारणले गर्दा अहिले शिक्षा सबभन्दा बढी अप्ठ्यारो स्थितिमा परेको छ । धेरै विद्यालयहरू सञ्चालन हुन सकिराखेका छैनन् । तर हामीले सुनिराखेका छौं कि, निजी विद्यालयहरूले वर्षौंसम्मको लाखौं पैसा विद्यार्थीबाट असुली गर्ने, अभिभावकबाट असुली गर्ने काम भइरहेको छ । विद्यालय सञ्चालन पनि नगर्ने राम्रोसँग पढाइ पनि नगर्ने तर पैसा भने असुल्ने जुन किसिमको एउटा छुट कहाँबाट आयो ? त्यसलाई हामी किन नियन्त्रण गर्दैनौं । त्यसकारण यो विषयमा पनि म गम्भिर ध्यानआकर्षण गराउन चाहन्छु र अर्कोतिर प्रदेशबाट सञ्चालित मालढुङ्गा, पाउजा, कुश्मीसेरा एउटा खण्ड छ त्यो खण्डको बिचमा एउटा असाध्यै गरिब किसानको एउटा झुपडी छ । त्यो झुपडीलाई व्यवस्थापन गर्नको लागि माननीय मन्त्रीज्यूले पनि हेर्नु भाको छ र मैले उहाँहरूसँग पनि कुरा गरिरहेको छु । र मलाई लाग्छ त्यो झुपडी हामीले हटाउने होइन भने यो सडकको एउटा कुरूपता सिर्जना गर्ने हुन्छ यसकारण त्यो एउटा गरिब किसानको झुपडीलाई राहत दिएर यो सडक राम्रोसँग सञ्चालन गर्नको लागि पनि म विशेष अनुरोध गर्न चाहन्छु र मैले अन्तिममा के भन्न चाहन्छु त भने यो प्रदेशको हामीले लगाएको लोगो सायद कहिलेसम्म अनैतिक किसिमले

लाइरहने ? संविधानले नेपालको नक्सालाई परिवर्तन गरेको छ । तर हामीले त्यो परिवर्तन नगरिकिन ऐले लगाइरहेका छौं यो अवस्था कहिलेसम्म रहने ? यो कुरा भन्न चाहन्छु । अहिले जुन नक्साको विषयमा शिक्षामन्त्रालयले आफ्नो पुस्तक पाठ्यपुस्तकहरूमा जुन चेन्ज गरेर पठायो भन्ने कुरा छ र त्यो पठाएको भन्ने कुरालाई प्रधानमन्त्रीले रोकिएको भन्ने कुरा छ । मलाई लाग्छ के नपाली नक्सा लोकप्रियता ल्याउनको लागि मात्र हो कि ? नेपालको राष्ट्रियता मिचिएका कारणले यसलाई बचाउन हो ? यसकारण यो दुविधा प्रधानमन्त्रीबाट गर्नु हुँदैन । भन्ने कुरा उठाउँदै म आफ्नो भनाइ यही टुङ्ग्याउछु धन्यवाद ! जयनेपाल !

**माननीय सदस्यहरू, विशेष समयमा बोल्न माननीय सदस्यहरूको क्रम यही समाप्त हुन्छ ।**

माननीय सदस्यहरू, अब म माननीय उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री श्री विकास लम्साललाई विभिन्न मितिका सभाको बैठकमा शून्य समय र विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएका आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयहरूमा सम्बोधन गर्न अनुमति दिन्छु ।

**माननीय सभामुख महोदय,** सर्वप्रथम म विभिन्न मितिमा माननीयज्यूहरूले यस सम्मानित सभामा हाम्रो मन्त्रालयसँग सम्बन्धित रहेर विभिन्न विषयमा जिज्ञासा र चासो राख्नुभएको छ । यसले हामीलाई अझ बढी सजग र सक्रिय बनाउन प्रेरणा मिलेको छ । त्यसप्रति म सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई हार्दिक-हार्दिक धन्यवाद दिन चाहन्छु । विशेष गरी हाम्रो मन्त्रालयसँग सम्बन्धित रहेर गोरखकाली रबर उद्योगको बारेमा, बेरुजुको विषयमा, भू-तथा जलाधार व्यवस्थापन कार्यालयको स्थापनाको विषयमा, तनहूँमा भएको मानव तथा वन्यजन्तुको विषयमा, बजार अनुगमनको विषयमा र बाढी पहिरोको विषयमा यी विभिन्न विषयहरूमा म विभिन्न मितिमा माननीयज्यूहरूले जिज्ञासा र चासो राख्नुभएको छ । सर्वप्रथम म यो माननीय सदस्यज्यूहरूले गण्डकी प्रदेशभित्रको गोरखकाली रबर उद्योगले कुनै पनि उत्पादन नदिइरहेको अवस्थामा छ । र हालसम्म १ अरब ६० करोड बराबरको घाटा दायित्व सरकारले व्यहोर्नु परेको छ । वर्षेनी अरु थप दायित्वहरू व्यहोर्न बाध्य पारी रहेको छ भनेर माननीय सदस्यज्यूहरूले यसलाई सुचारु गर्नु पर्‍यो । रोजगारी सिर्जना गर्नु पर्‍यो, उत्पादनसँग जोड्नु पर्‍यो र यसमा गण्डकी प्रदेश सरकारले के गरिरहेको छ ? भनेर विशेष चासोका साथ जिज्ञासा राख्नु भएको छ । म यस बारेमा गोरखकाली रबर उद्योग २०४२ सालमा स्थापना भएको हो र २०४९ सालदेखि व्यवसायिक उत्पादन गरेको र २०७२ सालको भूकम्पपछि त्यो उद्योग बन्द भएको छ । २०७२ सालको भूकम्प पछि पूर्ण रूपमा बन्द रहेको उद्योगलाई र त्यसमा कर्मचारीहरूलाई पनि थिए र कर्मचारीको पनि व्यवस्थापन सरकार गर्दिन सक्नुपर्ने ५२० जना कर्मचारीहरू त्यसमा कार्यरत थिए । अहिले

संघीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग, अर्थमन्त्रालयसँग समन्वय गरेर २०७५ माघ ३ गतेदेखि ती कर्मचारीहरूलाई तलब अहिलेसम्मको दिएर अवकाश दिएको छ । अब त्यो उद्योगले वर्षेनी त्यस्तो घाटा व्यहोर्नु पर्ने अवस्था छैन माननीय सदस्यज्यू । र अहिले नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले ६ जना सुरक्षा गार्डहरू राखेर त्यसको सुरक्षा दिइरहेको छ । र यो संघीय मन्त्रालय अन्तर्गत पर्ने भएको हुनाले हामीले पनि संघीय मन्त्रीसँग, यस बारेमा यो उद्योग सञ्चालनमा ल्याउनका लागि यो उद्योग प्रदेशलाई हेडओभर गर्नका लागि र यो एउटा पिपिपि मोडलमा चलेको उद्योग भा हुनाले यसलाई कसरी सञ्चालनमा ल्याउन सकिन्छ ? र कसरी रोजगारी सिर्जना गर्न सकिन्छ भनेर हामी निरन्तर समन्वय गरिरहेका छौं । उद्योग मन्त्रालयको हाम्रो समन्वय परिषद्को मिटिङमा पनि हाम्रो गण्डकी प्रदेशको तर्फबाट हामीले कुरा राखेका छौं र छिटोभन्दा छिटो यो उद्योग प्रदेशलाई ह्याण्डओभर गर्ने र यसलाई सञ्चालनमा ल्याउने कुरामा संघीय मन्त्रालय सकारात्मक देखिएको छ । र हामी त्यो प्रक्रियामा निरन्तर लागि रहेका छौं । संघले कतिपय यस्ता उद्योगहरू सम्पत्तिहरू हेण्डओभर गर्ने कुरामा ढिलाई भएको कुरालाई पनि हामीले एकदमै चासोका साथ कुरा उठाएका छौं र माननीय सदस्यज्यूहरूले पनि चासो राख्नु भाछ । यो सकारात्मक छ । यहाँहरूको आवाजले पनि त्यो निर्णय गर्न थप बल पुग्ने मैले अपेक्षा राखेको छु ।

बेरुजुको बारेमा पनि माननीय सदस्यज्यूहरूले धेरै कुरा उठाउनु भो हाम्रो मन्त्रालयमा उद्योग, पर्यटन वन वातावरण मन्त्रालयमा विगत सालमा १ पैसा पनि बेरुजु थिएन । त्यो वर्षको काम पनि थोरै थियो । यो २०७६/०७७ मा मन्त्रालयको मातहतको कार्यालयहरूमा हाम्रो ३० वटा कार्यालयहरू छन् । हाम्रो मन्त्रालय मातहतमा यसमा २ अरब १२ करोड ६१ लाख ५३ हजारको लेखा परीक्षण भएको छ । त्यस ५ करोड ८१ लाख ७२ हजार बेरुजु देखिएको छ । र यो प्रारम्भिक प्रतिवेदनपश्चात हामीले जुन प्रतिवेदन महालेखाले हिजो पनि हाम्रो संसदमा टेबुल भइसकेको छ । यस पश्चात हामीले त्यो महालेखामा प्रारम्भिक प्रतिवेदन ५५ लाख २२ हजार फस्यौंट गरिसकिएको छ । हामीले यो पुष्ट्याई गरिसकेर हामीले महालेखामा पठाएपछि अहिले हाम्रो मन्त्रालयको यो ५ करोड ८१ लाख ७२ हजार मध्ये ५५ लाख २२ हजार फस्यौट भइसकेको छ बाँकी बेरुजु असुल गर्नका लागि मन्त्रालयले कार्यवाही अगाडि बढाइसकेको छ । यो बेरुजु नियमित गर्नका लागि हामीले हाम्रो मन्त्रालयका ३० वटा अधिकारप्राप्त कार्यालय प्रमुखहरूसहितको हाम्रो मन्त्रालयको सचिवको बेरुजु  नियमित गर्नको लागि प्रक्रिया हामीले अगाडि बढाएका छौं । उहाँको संयोजकत्वमा कमिटी बनेको छ ।

हामीसँग तीन खाले बेरुजुहरू छन् । असुली गर्नुपर्ने, हामीले काम गरिसकेर पुष्ट्याई गरिनु पर्ने र काम गरिसकेको र सार्वजनिक लेखा समितिमा पठाउनु पर्ने हामीले असुली गर्नुपर्ने बेरुजुलाई ७ दिनभित्र त्यो बेरुजु कर्मचारीहरूसँगै सम्बन्धित छ । त्यसलाई तुरुन्तै असुली गर्नु भनी परिपत्र गरेका छौं र कर्मचारीहरूले त्यो प्रतिबद्धता पनि जनाउनु भाको छ । र पुष्ट्याईं गर्नुपर्नेमा पनि हामीले लेखा दायित्व लिने कार्यालय प्रमुखलाई तपाईंले त्यो के कारणले बेरुजु रह्यो ? त्यसको पुष्ट्याईं गर्नुहोस् भनेका छौं र बाँकी हामीले छिटो नै फस्यौटका लागि हामीले सार्वजनिक समितिमा बेरुजु ल्याउने छौं । र हामीले आर्थिक अनुशासन कायम गर्ने हाम्रो मन्त्रालय पूर्ण प्रतिबद्ध छ । यो ५ करोड ८१ लाख ७२ हजार रूपैयाँमा केही बेरुजहरू कस्ता छन् भने सूचना निकाल्नु पर्ने काम गरिसकेको तर त्यसको प्रक्रिया नपुगेको र महालेखा आफ्नो नीति अनुसार लेखिएको यसमा हाम्रो मन्त्रालयसँग सम्बन्धित उद्योग, पर्यटन वन वातावरण मन्त्रालयसँग गरियो भने यो हाम्रो उपभोक्ताहरूसँग रिलेटेड छ । हामी सबैले यसमा सहयोग गर्नु भो । कर्मचारीहरूले पनि यसमा चाँसो राख्नु भयो भने यसलाई हाम्रो मन्त्रालयमा खास धेरै बेरुजु छैन हामी यसलाई जिरोमा ल्याउनका लागि मन्त्रालय अत्यन्तै प्रतिबद्ध छ । म माननीय सदस्यज्यूहरूलाई हामी छिटो नै यो काममा रिजल्ट ल्याउने गरी मन्त्रालय लागेको  र त्यसमा हाम्रो सचिवजीको संयोजनकत्वमा बनेको कमिटी पनि हामी यसलाई व्यवस्थित पार्दै जाने छौं भनेर उहाँहरूले भन्नुभएको छ र हामी यसमा आर्थिक अनुशासन कायम गर्ने कुरामा हाम्रो मन्त्रालय पूर्ण प्रतिबद्ध रहेको कुरा पनि म माननीय सदस्यज्यूहरू जानकारी गराउन चाहन्छु ।

तेस्रो भू-तथा जलाधार व्यवस्थापन कार्यालयको विषयमा मुलुक संघीयतामा जानुभन्दा अगाडि मनाङ बाहेक हामी सबै जिल्लामा भू संरक्षण कार्यालयहरू  थिए । अहिले पर्वत र तनहूँमा पर्वतले ५ वटा जिल्ला र तनहूँले ६ वटा जिल्ला हेर्ने गरी हाम्रो भू तथा जलाधार कार्यालयहरू २ वटा मात्र छन् । त्यसका लागि ११ वटै जिल्लामा भू तथा जलाधार कार्यालय चाहियो । गण्डकी प्रदेश अहिलेको बाढी पहिरोबाट पनि अत्यन्तै धेरै प्रभावित भयो । यो आवश्यक छ भनेर माननीय सदस्यज्यूहरूले निकै चासोका साथ यो कुरा उठाउनु भएको छ । हामीले अहिले भएका बाढी पहिरोका घटनाहरू पनि यी सबै २ वटा कार्यबाट रेकर्डहरूलाई व्यवस्थित गरेका छौं र यो ११ वटा कार्यालयहरू राख्नको लागि हामी संघीय मन्त्रालयसँग हाम्रो क्याबिनेटबाट निर्णय गरेर हामीले पठाइसकेका छौं । त्यसमा हामी निरन्तर लागेका छौं । सकेसम्म हामी १ जिल्लाबाट अर्को जिल्लामा नगइकन यो सेवा दिने हिसाबले यी स्थापना गर्नु पर्छ भनेर प्रदेश सरकारले पनि ओ.एन.एम. गरेर प्रक्रिया अगाडि बढाई राखेको छ ।

माननीय सदस्यहरूले जुन जिज्ञासा राख्नु भाको छ, चासो राख्नु भाको छ, माग गर्नु भाको छ यसमा हाम्रो मन्त्रालय अत्यन्तै सकारात्मक छ । यसलाई हामी पूर्ण रूपमा कार्यान्वयमा ल्याउनका लागि लागिपर्ने म विश्वास दिलाउन चाहन्छु र केही माननीय सदस्यहरूले तनहूँमा चितुवाको आक्रमणबाट धेरै ठूलो बालबच्चाहरूको क्षति भएको छ । मानवीय क्षति भएको छ र यसको बारेमा सरकारले के सोचेको छ ? के योजना बनाएको छ भनेर माननीय सदस्यज्यूहरूले अत्यन्तै गम्भिर रूपमा सम्मानित सदनमा विषय उठाउनु भएको छ । हामीले यो बारेमा अघिल्लो पटक पनि मैले संसदमा जवाफ दिई सकेको थिएँ । अहिले पछिल्लो चोटी पनि फेरि पनि वन्यजन्तुबाट चितुवाबाट तनहूँमा एकजना बच्चाको आक्रमणबाट बच्चाको ज्यान गएको छ । म यसमा दिवंगत बालकको चिरशान्तिको कामना गर्दछु । शोकाकुल परिवारप्रति हार्दिक समवेदना व्यक्त  गर्दछु ।

तनहूँमा अहिलेसम्म १० वटा चितुवाबाट बालबच्चाहरूको ज्यान गएको छ । यसमा ११ जना घाइते भएका छन् । १० जनामा ९ जनालाई हामी प्रत्येकलाई १० लाखका दरले क्षतिपूर्ति दिएका छौं । एकजना अस्तिभर्खर निधन भएकोलाई क्षतिपूर्तिको प्रक्रिया अगाडि बढाइसकेका छौं यसमा चितुवाबाट घाइते पनि हुनु भएको छ त्यसमा ३ लाख ४१ हजार हामीले २३४ रूपैयाँ घाइतेहरूको उपचारमा खर्च गरेका छौं । पशु चौपायको पनि क्षति भाको छ त्यसमा ३ लाख ५८ हजार हामीले वितरण गरेका छौं । वन्यजन्तुको आक्रमण बढेसँगै यो क्षेत्रभित्र यसलाई कसरी व्यवस्थित गर्ने भनेर त्यहाँ क्यामराहरू ट्र्यापिङ गरेर चितुवा कुन बाटो हिँड्छ र कसरी जान्छ भनेर हामीले त्यो क्यामराहरू राखेका छौं । हामीले ट्रेडिसनल टाइपका चितुवाका खोरहरू बनाएका छौं । र ९ वटा चितुवा हामीले तनहूँबाट छोपेर विभिन्न जङ्गलहरूमा लगेर छोडेका छौं । यहीले हामीले यहीँ पचभैँयामा पनि हामीले वन्यजन्तु उद्धार केन्द्र बनाएर त्यसलाई एउटा पर्यटनसँग पनि जोड्ने भनेर हामीले कार्यक्रम अगाडि बढाएका छौं । हामीले बालबच्चाहरूलाई स्कूलमा पनि एउटा एवार्नेस बढाउने र वन्यजन्तु चितुवा हिँड्ने बाटोहरूमा पनि अलि सुरक्षाको व्यवस्था गर्ने । हामीले एउटा टाक्सफोट्स पनि बनाएर गरेका छौं । वन्यजन्तु र मानव बीचको द्वन्द्वलाई व्यवस्थापन गर्नको लागि आज जङ्गलबाट वन्यजन्तुहरू घरघरमा आएका छन् त्यसको आहाराको कुरालाई पनि हामीले व्यवस्थापन गर्ने भनेर जिल्ला वनलाई निर्देशन दिएका छौं । उनीहरुले त्यही हिसाबले जङ्गल सफाइ गर्ने, त्यहाँ वन्यजन्तुको आहारालाई मासिएर जान नदिने । यी प्रक्रियाहरू पनि हामीले अगाडि बढाइसकेका छौं । यसमा गण्डकी प्रदेश सरकार गम्भिर छ । यसका लागि हामीले क्षतिपूर्ति समयमा उपलब्ध गराउने र यस्तो द्वन्द्व व्यवस्थापनलाई यस्तो द्वन्द्व नहुन नदिनको लागि एवार्नेस बढाउने र सुरक्षा निकायलाई त्यहाँ खटाउने ट्यापिङ गर्ने, क्यामरा राख्ने र खोरहरू बनाउने यी प्रक्रियाहरू हाम्रो जिल्ला

वनकार्यालय तनहूँले अगाडि बढाइरहेको कुरा पनि सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु ।

माननीय सदस्यहरूले यो बजार अनुगमनको बारेमा पनि अहिले कोभिड १९ को प्रभाव र भर्खरै हाम्रो सामुख्यमा आएका चाडवाडको सन्दर्भमा बजारमा अखाद्य पदार्थहरू आएको यसलाई बजार अनुगमनलाई एकदम प्रभावकारी हिसाबले अगाडि बढाएका छौं । हाम्रो आपूर्ति निर्देशनालयले अहिले बजारमा जुन जे जस्तो अखाद्य पदार्थहरू आएका छन् तिनलाई हामीले अनुगमन गरेका छौं । तिनीहरूको निगरानी गरेका छौं । तिनीहरूलाई हामीले कार्वाहीको प्रक्रिया पनि अगाडि बढाएका छौं । मानवको स्वास्थ्यमा खेलवाड हुने गरी अखाद्य पदार्थहरू बजारमा जान नदिनका लागि अझ धेरै हामीले यसको ऐन पनि ल्याउन खोज्दै छौं । अहिलेसम्म यसको कार्वाहीको प्रक्रियामा कसरी गर्ने भन्ने कुरामा पहिला हामीले नियमावलीबाट काम गरिराखेका थियौं । अहिले ऐन पनि डाफ्ट हुँदैछ । तैपनि त्यो नियम नआउज्जेलसम्म हामीले यसलाई अझ धेरै प्रभावकारी हिसाबले बजार अनुगमन गर्ने र यसलाई निगरानी गर्ने यस्तो अखाद्य पदार्थ आउन नदिने उनीहरूलाई हामीले निर्देशलयमा बोलाएर सम्झाइबुझाइ गर्ने गरेका छौं यदि नमाने भने कानूनी कार्वाही प्रक्रिया अगाडि बढाउनको लागि हामी अगाडि बढिरहेका छौं ।

माननीय सदस्यहरूलाई यिनै विषयमा अहिले जुन यो बाढी पहिरोको विषयमा जे जति कुराहरू उठेका छन् यो हाम्रो मन्त्रालयले भू तथा जलाधार कार्यालय तनहूँले र पर्वतले त्यो सबै रेकर्ड हामीले व्यवस्था गरेका छौं । यसलाई थप बजेटको व्यवस्थापन गर्ने अहिले भएकै कार्यालयबाट त्यसलाई व्यवस्थित हिसाबले काम गर्ने । अहिले केही कामहरू सिँचाइबाट पनि हुने र अरु मन्त्रालयबाट पनि हुने भाको हुनाले हामी समन्वय गरेर यो काम अगाडि बढाउँदै छौं । र जुन जे जति बाढी पहिरोबाट क्षति भको छ त्यो सबै क्षतिको मूल्याङ्कन गरेर अब हामी त्यसमा केही न केही काम गरेर कार्यान्वयनका लागि बजेट व्यवस्थापन गर्नको लागि मन्त्रालय अगाडि बढेको कुरा म सम्मानित सदस्यहरूलाई जानकारी गराउँदै मेरो भनाइ यही अन्त्य गर्दै विदा हुन चाहन्छु हस् त धन्यवाद !

**माननीय सदस्यहरू, अब म माननीय सामाजिक विकासमन्त्री श्री नरदेवी पुन मगरलाई विधायन समितिको प्रतिवेदनसहित गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न, पेश गर्न अनुमति दिन्छु ।**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असोज ५ गते बसेको बैठकमा प्रस्तुत भई विधायन समितिमा दफाबार छलफलको लागि पठाइएकोमा समितिबाट प्रतिवेदनसहित गण्डकी प्रदेशमा खेलकुदको

विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ (क) बमोजिम समितिको प्रतिवेदनसहित विधेयक माथि छलफलका गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद !

**अब म उक्त विधेयक माथि छलफल गरियोस् भनी प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।** यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसमितिले स्वीकृति भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू, अब विधायन ऐन समितिको प्रतिवेदनसहित गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको दफाबार छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिनको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यज्यूहरूले आ-आफ्नो भनाइ राख्न अनुरोध गर्दछु ।**

**सर्वप्रथम माननीय सदस्य, श्री रोशन गाहा मगरलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुखज्यू, आज गण्डकी प्रदेशमा खेलकुद विकास विधेयक दफाबार छलफलको सन्दर्भमा छलफलमा छौं । सभामुख महोदय, खेलकुद बौद्धिक जगत्को जति महत्व छ उत्तिकै शारीरिक व्यायाम र अनुशासनको खेलको महत्व छ । त्यसैले यो नयाँ व्यवस्थामा संघीय र प्रदेशको संरचनाको माध्यमबाट नेपालको संविधान २०७२ ले व्यवस्था गरेबमोजिम नेपाल सरकार मन्त्री परिषद्को २०७३/१०/१८ को निर्णयअनुसार आम नागरिकलाई स्वस्थ, सक्षम र अनुशासित खेलाडी र सिर्जनशील नागरिक बनाउनको निम्ति यो खेलकुदको माध्यमबाट यसले महत्वपूर्ण भूमिका खेल्छ । र यो विधेयकले नेपालको संविधान र अनुसूचीमा उल्लेखित संघ र प्रदेश र स्थानीय तह र एकल एवं साझा अधिकारको पनि यसले व्यवस्था गरेको छ । यसले आफ्नो नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन गर्नेसमेत यसले व्यवस्था गरेको छ । त्यसो भएको हुनोले ऐले प्रदेशकोतर्फबाट खेलकुदको व्यवस्थापन गर्नको निम्ति यो विधायनमा हामी दफाबार छलफलमा छौं ।

मलाई लाग्छ यो गण्डकी प्रदेशमा, हामी यो गण्डकी प्रदेशमा छौं यो गण्डकी प्रदेश पहाड तराइ हिमाल तीन तले प्रदेशको रूपमा हामीले परिचित गर्छौं भने यो गण्डकी प्रदेश एउटा खेलाडीहरूको खानीको रूपमा रहेको प्रदेश पनि हो । र मलाई विश्वास छ कि यो गण्डकी प्रदेशमा खेलको माध्यमबाट यहाँको पर्यटकीय व्यवसाय यहाँका अन्य व्यवसाय र यो खेलकुदकै माध्यमबाट अन्य धेरै पर्यटकहरूलाई खेलकुदको एउटा माध्यमकोतर्फबाट यसले एउटा यहाँको युवाशक्तिलाई, यहाँको एउटा खेलप्रेमीहरूलाई, यहाँको एउटा खेलाडीहरूलाई सक्षम र अरु प्रदेशको भन्दा गण्डकी प्रदेशको युवाशक्तिलाई खेलप्रमी खेलाडीहरूलाई एउटा अब्बल दर्जाको खेलाडीको रूपमा यो विधेयकले भोलिको दिनमा नियमन गर्ने छ भन्ने मैले विश्वास लिएको छु ।

यो प्रदेशमा मात्र होइन, यो स्थानीय तहमा मात्रै होइन, एउटा खेलाडीबाट, खेलकुदबाट नै यो गण्डकी प्रदेशलाई परिचित गर्ने एउटा चिनारी गर्नेको रूपमा यो प्रदेशले भोलि गर्न सक्नेछ । र अहिलेको विधेयकले अथवा नेपाल सरकारले जुन एकल र साझा रूपमा कानून ऐनहरू निर्माण गरेर व्यवस्थापन गर्ने जुन अख्तियार गरेको छ । मलाई विश्वास छ भोलिको दिनमा गण्डकी प्रदेशले ७ वटा प्रदेशमध्ये एउटा अब्बल दर्जाको खेलाडी उत्पादन गर्ने र एउटा गण्डकी प्रदेशका खेलाडीको माध्यमबाट यो प्रदेशलाई, यो मुलुकलाई, यो देशलाई चिनाउने एउटा चिनारीको रूपमा जाने छ भन्ने मैले विश्वास लिएको छु । र अन्त्यमा देशको खेलाडी एउटा राष्ट्रको सम्पत्ति हो र एउटा खेलाडी यो देशको एउटा राष्ट्रिय गहना हो । र गौरवको कुरा पनि हो । यसो भएको हुनाले खेलकुदको संरक्षण संबर्द्धन र विकास गर्न खेलकुदको संरचना र यसको कानूनी व्यवस्थापन गरेर अगाडि बढ्न राम्रो छ । र अन्तमा यो गण्डकी प्रदेश सरकारलाई खेलाडी खेलकै माध्यमबाट यो देशलाई र विश्वलाई अन्तर्राष्ट्रिय जगत्मै एउटा चिनारीको रूपमा लैजाने छ भन्ने एउटा विश्वासको साथ म र मेरो दलकोतर्फबाट यो विधेयकप्रति पूर्ण समर्थन गर्दै आफ्नो भनाइ अन्त गर्न चाहन्छु । धन्यवाद !

**माननीय सदस्य श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुखज्यू, नेपालको संविधान २०७२ को धारा ५१ को खण्ड (ञ) को उपखण्ड १३ मा सक्षम, अनुशाशित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा लगानी गर्नको लागि योजनाबद्ध तरिकाले लगानी गर्न आर्थिक र एकता गर्न र अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रको सम्मानहरू अभिवृद्धि गर्न बनेको विधेयक २०७७ को दफाबार छलफलमा प्रस्तुत भएको छु । माननीय सभामुखज्यू, खेलकुद विधेयक २०७७ परिच्छेद १ देखि ८ सम्म र बुँदा नं. १ देखि ४५ सम्म सर्सर्ती अध्ययन गर्ने क्रममा खेलकुदले मानिसको जीवनमा चौतर्फी विकास

गर्दछ साथै खेलकुदले स्वास्थ अनुशासित बढ्दैबढ्दै भाइचारसँगको सम्बन्ध खेलकुदले बढाउँछ । खेलकुदको माध्यमबाट व्यक्तिलाई मात्र होइन राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्मा समेत पहिचान गर्दछ भन्ने यो खेलकुद विधेयकले जनाउछ ।

माननीय सभामुखज्यू, खेलकुदलाई अनुशासित र मर्यादित बनाउन र त्यसलाई निरन्तरता दिन पर्नेमा हाम्रो कुनै दुई मत छैन तर त्यत्ति भनी रहदा जिल्ला खेलकुद विकास समितिमा जाँदा खेरी त्यो जिल्ला खेलकुद समिति हो कि होइन ? साइनबोर्ड छ अनि केही पनि छैन एउटा भूतको घर भनौं भने २ जना उपस्थिति देखिराखेको छ त्यो दुई जनामध्ये एक जना कार्यालय सहयोगी र अर्को कर्मचारी दुईजनाले खेलकुदको समिति धानी राखेको छ । तर मलाई लाग्छ यति भनी रहँदा खेरी जिल्ला खेलकुद समितिको अवस्था हेर्दाखेरी हुन त यो प्रदेश कानून बन्न बाँकी भएर हुन सक्छ । सायद यो बनिसकेपछि सम्भावना त त्यो धेरै हुन पनि सक्छ र समिति बन्न त धेरै बाँकी कानून भएर होला पछि त्यो बन्ने छ जस्तो म आफूले सोचें तर त्यो अहिले विधेयक आउनु भन्दा पहिला संघीयता आइसकेपछि मलाई लाग्छ यो कुनै पनि संघसंस्थाहरूमा यो सार्वजनीक संस्थाहरूमा यो राजनीतिक भागवण्डाको कारणले पनि हुन सक्छ किनभने त्यो जिल्ला खेलकुद समिति अहिले शून्यमा छ अब त्यसलाई कहिले कसरी जोगाउने हो ? त्यसमा पनि हाम्रो ध्यान जानुपर्छ भन्ने म माननीय सभामुखमार्फत् प्रदेश सरकारलाई ध्यान आकर्षण गराउन चाहन्छु ।

जिल्ला खेलकुद विकास समिति छैन कार्यालयमा विकास समिति कर्मचारी र कार्यालय सहयोगी २ जना मात्रै छन् । जिल्ला खेलकुद विकास समितिमा मलाई लाग्छ यो समितिमा गण्डकी प्रदेशको सबै जिल्लाको यही होला । मैले एउटा दुईटा क्षेत्रमा मलाई एउटा जिम्मेवारी के आयो भने तपाईं खेलकुद विधेयकमा बोल्नु है भनेपछि मैले यसो बुझ्दाखेरी सबैको हालत त्यस्तै-त्यस्तै बुझें मैले दुईतीन वटा जिल्लामा बुझ्दा । के चाहिँ छ भने यो खेलकुद विकास समिति भनिएको छ तर त्यहाँ कुनैपनि योग्य एउटा विषयको लागि एउटा खेलको लागि एउटा कोच खेलाडीको गुरु अहिलेसम्म जिल्लामा नियुक्ति भएको छैनन रहेनछ । किनभने त्यहाँ कोचहरू हुनुहुन्छ एउटा चाहे त्यो फूटबलको होस् चाहे त्यो करातेको होस् चाहे त्यो क्रिकेटको किन नहोस् उहाँहरू आफैले सिकाइ राख्नु भाछ प्राइभेट रूपमा विद्यार्थीहरू ती सिक्ने इन्ट्रेष्ट हुनेहरूले इच्छा हुनेले फि तिरेर सिकाइराखेको र सिकिराखेको रहेछ त्यो सँगसँगै एउटा प्रदेशस्तरको खेल मैदान बनाउने र हामीले एकपालिका एक खेलमैदान, एक नगरपालिका एक रंगशाला भन्ने यस्तो योजना परिकल्पनाहरू हामीले प्रपोजलहरू माग्यौं विभिन्न थरिका गर्‍यौं त्यो अलपत्र रूपमा छ र हिनाविना छ त्यसलाई कहिले व्यवस्थित गर्ने हो ? यी सबै कुराहरू यो एउटा कागजमा छिटै नै कार्यन्वयन हुन्छ भन्ने मैले विश्वास राखेकी छु । माननीय सभामुखज्यू, यस्तो

भनिरहँदा परिच्छेद २ को २ उपदफा १ बमोजिम प्रदेश खेल परिषद्मा देहायबमोजिम सदस्यहरू रहने व्यवस्था गरिएको छ :

क देखि ट सम्म विभिन्न क्षेत्रबाट महिलाहरूको सदस्य महिलाहरू मनोनित गर्ने कतै महिलासहित २ जना कुनैमा १ महिलासहित २ जना र कुनैमा १ महिलासहित ३ जना भन्ने मनोनित गर्ने भनी व्यवस्था गरिएकोमा आधा धर्ति ढाक्ने भनी महिला हामी भनिराखेका छौं र हुन पनि यो देशमा यो प्रदेशमा महिलाहरूको जनसंख्या बढी छ । महिलाले नै चाहे त्यो निर्वाचनमा होस्, चाहे यो सामाजिक काममा होस्, सार्वजनिक कामहरू गर्दा होस् महिलाको संख्या बढी देखिन्छ । र निर्णयक तहमा कम देखिन्छ सायद त्यो भएरै होला हामी साठी जनामा २ जना छौं त्यसै गरी यसमा पनि महिलाको संख्या कम देखिएको छ त्यसैले म यस गरिमामय सभामा सभामुखमार्फत प्रदेश सरकारलाई सामाजिक मन्त्रालयलाई यस देखाएको व्यवस्था परिषद्को व्यवस्था गरिएको समितिमा महिलाको संख्या बढाउनलाई अनुरोध तथा सुझाव सल्लाह दिन चाहन्छु । यति भन्दै विदा हुन्छ धन्यवाद ! जय नेपाल !

**माननीय सदस्य, श्री इन्द्रधारा डाडु विष्टलाई छलफलमा भाग लिन समय दिन्छु**

सभामुखज्यू, आज हामी यो सम्मानित सदनमा गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको २०७७ को दफाबार छलफलमा जुटिराखेका छौं । सभामुखज्यू, मैले यो विधेयकको दफा, दफा र उपदफाहरूमा धेरै बोलिराख्नु पर्छजस्तो मलाई लाग्दैन किनभने यो विधेयकको प्रस्तावनाबाट प्रस्ट हुन्छ कि यो प्रदेशको खेलकुदलाई संरक्षण, सम्बर्द्धन र विकास खेलाडीलाई व्यवसायिक तथा सुरक्षा र खेलकुदको माध्यमबाट राष्ट्रिय एकता प्रवर्द्धन र स्वास्थ्य सक्षम, अनुशासित र सिर्जनशील नागरिक तयार गर्न प्रारम्भ भएको यो ऐन सुरुमै प्रष्ट भएको देखिन्छ सभामुखज्यू । यो विधेयकको दफा १ देखि ४५ सम्म र उपदफाहरू अध्ययन गर्दा दफा ३ को उपदफा २ को क ले प्रदेश खेलकुद परिषद्को अध्यक्षतामा मन्त्री वा राज्यमन्त्री भनिएको छ । यसले मन्त्रीज्यूको व्यस्ततालाई मध्यनजर गरे जस्तो पाउँछु कि परिषद्को काम कार्य कुनै कारणले नरोकिने देखिन्छ । किनभने मन्त्रीज्यूहरूको व्यस्तता हुन्छनी र यही दफाको उपदफा २ को (ख) देखि (च) सम्म अध्ययन गर्दा प्रदेश खेलकुद परिषदको पदाधिकारीमा सबै क्षेत्र, सबै समुदाय, सबै जातिलाई समेटेको पाउँछु । त्यसैले समावेशिताको विषयमा कही कतैबाट प्रश्न आउँछ जस्तो मलाई लाग्दैन साथै दफा ५ उपदफा १ र २ ले यो परिषद्को संरक्षक मुख्यमन्त्रीज्यू नै हुने भएकोले अझै यो परिषद प्रभावकारी र पावरफूल हुनेमा २ मत छैन सभामुखज्यू, दफा ९ को क देखि ङ सम्म र दफा १५ देखि क देखि ध सम्म परिषद् र समितिको काम, कर्तव्य र अधिकारलाई अध्ययन गर्ने हो भने काम गर्न नसक्ने, नजान्ने र हाम्लाई एउटा

पद दिनुपर्छ भनी गठन हुने हो भने भगवान् जानुन् तर २ दफाले खेलकुद क्षेत्रमा कायापलट हुनेमा म विश्वस्त छु । त्यो क्षेत्र भनेको धेरै व्याख्या गर्नुपर्छ जस्तो मलाई लाग्दैन । विकसित राष्ट्रहरूमा धेरै भन्दा धेरै राजश्व तिर्ने र यो क्षेत्रमा खेलाडीहरू स्टारहरू प्राय धनी या धनी पनि अनेक किसिमका हुन्छन्,धेरै किसिमका हुन्छन् तर यो क्षेत्र बन्दा धनी भएकाहरू राष्ट्रलाईसमेत सम्मान पाउने गरी आफू धनी भएका हुन्छन् । थोरै सुझाव राख्न अनुमति चाहे सभामुखज्यू दफा ९ को ण मा खेल तथा खेलाडीहरूको वर्गीकरण गर्ने र खेलाडीहरूको सामाजिक सुरक्षाको लागि आवश्यक पहल गर्ने भनिएको छ त्यसलाई पहल होइन सुनिश्चित गर्ने भन्ने शब्द राख्नु भएको भए अझै सुनमाथि सुगन्ध हुने थियो । साथै दफा ४० ले यस क्षेत्रलाई थप प्रभावकारी बनाउन ठूलो सहयोग पुऱ्याएको महसुस हुन्छ ।

सभामुखज्यू, अन्तमा यो विधेयकको दफाहरू र उपदफाहरू या प्रदेश खेलकुदको विकास व्यवस्था गर्न सबै फलामे ढोकाहरू खुल्ला गरिएको छ । त्यसैले सफल दस्ताबेज तयार भयो । सफल कार्यान्वयनको लागि शुभकामना दिँदै सबै दलका माननीयज्यूहरूलाई साथ समर्थनको अनुरोध गर्दै अब हजारौं सन्दीप लामिछाने जन्मिन्छ भन्दै म र मेरो दल सब समर्थन रहेको छ भन्दै विदा हुन्छु धन्यवाद !

**माननीय सदस्यहरू अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई छलफलमा उठेको प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।**

माननीय सभामुखज्यू, सभामुखज्यूको अनुमतिले दफाबार छलफलमा उठेका विषयमा आफ्नो विचार राख्ने अनुमति चाहन्छु । सबैभन्दा पहिला यो विधेयक माथि यो विधेयकको दफाबार छलफलमा आफ्ना विचार लिएर सहयोग गर्ने माननीय सदस्यज्यूहरूलाई हार्दिक धन्यवाद दिँदै मैले यहाँ दुई वटा कुरा मात्र उठेको छ । त्यसको उत्तर दिने अनुमति चाहन्छु ।

पहिलो कुरा यो खेलकुद विकास समितिमा अहिले कर्मचारी मात्रै छन् । संघीयताले खेलजगत्मा जस्तो खालको प्रगति ल्याउनु पर्थ्यो त्यस्तो हुन सक्या छैन भन्ने कुरा ल्याउन भाछ । हामीले अघिल्लो वर्षै खेलकुद विधेयक तयार पारेथ्यौं । तर नेपाल सरकारबाट माथिबाट खेलकुद विधेयक नबनेको हुनाले हामी रोकेको कुरा मैले अघिल्लो पटकको मैले आफ्नो विचार दिने बेलामा पनि जाहेर गरेको थिएँ । ऐले हामीले गण्डकी प्रदेशमा खेलकुदको विकास गर्नको निम्ति खेलकुद विधेयक माथि छलफल गर्दैछौं । र अहिले हामीलाई जिल्लास्तरको खेलकुद समिति बनाउने अधिकारसहित हामीले प्राप्त गरेका छौं त्यसैले यो विधेयकमा हामीले यो विधेयक पास भएपछि हामीले जिल्लास्तरको समिति कस्तो बनाउने कसरी सञ्चालन गर्ने भनेर हामीले अर्को नियमावली हामी पास गर्ने छौं । अहिले जुन अलपत्र अवस्थामा छ जस्तो हिसाबले क्रियाशील भएर गाउँगाउँमा खेलाडीहरू

स्थापित गर्ने, विकास गर्ने, परिस्थितिको सिर्जना हुनु पर्थ्यो त्यस्तो हुन सक्या छैन र अहिले यो विधेयक पास भएपछि हामी त्यो हिसाबले अगाडि बढ्ने कुरा यहाँहरूको बीचमा म राख्न चाहन्छु ।

दोस्रो कुरा महिलाको प्रतिशतको कुरा आएको छ । हामीले विधेयक ड्राफ्ट गर्ने बेलामा मनोनित गर्ने धेरैजसो त पदेन छन् । पदेनमा महिला धेरै छैनन् । किनभने प्रहरीको प्रमुख महिला छैन । अहिलेको सन्दर्भमा, मन्त्रालयको सन्दर्भमा हामीले १ जना छ । मन्त्रालयको प्रमुखको हिसाबले महिला १ जना छ । अरु सबै ठाउँमा पुरुषहरूको अगुवाइमा बनेको हुनाले पदेनमा महिलाहरूको स्थिति साह्रै कम छ । तर हामीले यो विधेयक बनाउने क्रममा २ ठाउँमा मनोनित गर्ने गरी राखेका छौं । हामीले पहिले ड्राफ्ट गर्ने बेलामा २ महिला सहित ४ जनाको मनोनित गरिने छ भनेर हामीले यहाँ ड्राफ्ट गरेथ्यौं । हाम्रो विधायन समितिले ५/५ महिला गरी १० जनाको सहभागिता पर्ने गरी सुझाव दिएको छ । सँगै हामीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा पदक तथा खेलाडीहरू मध्येबाट कम्तिमा १ जना महिलासहित ३ जना भनेछ यसलाई भन्दाखेरी अघिल्लो हामीले ड्राफ्ट गरेको हामीले सदनमा टेबुल गरेकोमा ७ जना मनोनित गर्नेमा हामीले ३ जना महिलाको उपस्थिति व्यवस्था गरेका थियौं र अहिले विधायन समितिले १३ जनामा ६ जना महिलाको उपस्थिति यहाँ हामीलाई सुझाव दिएको छ । त्यसो भाको हुनाले मनोनयन गर्ने ठाउँमा महिलाहरूको उपस्थितिमा हामीले राम्रो व्यवस्थापन गरेको कुरा यहाँको बीचमा जानकारी गराउँदै यो विधेयक पास भैसकेपछि गण्डकी प्रदेश सरकारले हरेक जिल्लामा आफ्नो जिल्ला खेलकुद विकास समिति गठन गरेर, जिल्ला लेबलमा मात्र होइन विद्यालय लेबलसम्म, विद्यालय स्तरसम्म खेलकुदको विकास गर्ने गरी जाने सोचको साथ हामी अगाडि बढेको कुरा जानकारी गराउँदै यसलाई सर्वसमतले पास गर्नुहुने छ भन्ने विश्वासका साथ मैले आफ्नो भर्नालाई अन्त्य गर्न चाहन्छु, धन्यवाद !

**माननीय सदस्यहरू अब यो छलफल यही समाप्त हुन्छ ।**

अब म गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्र.सं. १ देखि १४ सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकको सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रम संख्या १ देखि १४ सम्म उल्लेखित संशोधन सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब म गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ देखि १४ सम्म उल्लेखित संशोधन गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न मन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ देखि १४ सम्म उल्लेखित संशोधन सर्वसम्मतिले गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू अब म विधेयकको दफा १ देखि ४५ सम्म गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।**

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा १ देखि ४५ सम्म सर्वसम्मतिले गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।**

**प्रस्तावना**

खेलकुदको माध्यमबाट प्रदेश तथा मुलुकको राष्ट्रिय एकता प्रवर्द्धन गर्दै स्वस्थ, सक्षम र अनुशासित खेलाडी तथा सिर्जनशील नागरिक तयार गर्न तथा खेलाडीको व्यवसायिक सुरक्षा गर्दै प्रदेशस्तरमा खेलकुदको संरक्षण, संवर्द्धन र विकास गर्न, खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भ**

१. यस ऐनको नाम प्रदेश खेलकुदको विकास ऐन २०७७ रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

**अब म विधेयकको प्रस्तावना र नाम गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।**

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू, अब म सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असोज ५ गते बसेको बैठकमा प्रस्तुत भई विधायन समितिमा दफाबार छलफलको लागि पठाइएकोमा समितिबाट प्रस्तुत प्रतिवेदनसहित गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्राप्त हुन आएकाले प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम समितिको प्रतिवेदनसहित विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद

**माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।**

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेशमा खेलकुदको विकास गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू, अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई विधायन समितिको प्रतिवेदनसहित गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असोज ५ गते बसेको बैठकमा प्रस्तुत भई विधायन समितिमा दफाबार छलफलको लागि पठाइएकोमा समितिबाट प्रतिवेदनसहित गण्डकी प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्राप्त हुन आएकाले प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ क बमोजिम समितिको प्रतिवेदनसहित विधेयकमाथि छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद

**अब म उक्त विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।**

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू अब विधायन समितिको प्रतिवेदनसहितको गण्डकी प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको दफावार छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूका लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र आ-आफ्नो भनाइहरू राख्न अनुरोध गर्दछु ।

**सर्वप्रथम संशोधन प्रस्ताव दर्ता गर्ने माननीय सदस्य श्री हरिशरण आचार्यज्यूलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुखज्यू, नेपालको संविधानले दिएको एकल अधिकार अन्तर्गत प्रदेश सरकारले प्रदेश प्रहरी बनाउन पाउने जुन प्रावधान छ, त्यो प्रावधान अनुरूप प्रदेश प्रहरी गठन गर्नका निमित्त गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसदमा सम्मानित सदनमा अगाडि आइसकेको छ । र यो विधेयक विधायन समितिमा पनि छलफल भइसकेको छ र त्यही यो विधेयकको सम्बन्धमा विशेष गरी ३ वटा विषयमा हामीले संशोधन गरियोस् अर्थात त्यसमा थप गरियोस् भनेर हामीले हाम्रा विषयवस्तु पेश गरेका थियौं । त्यो विषयवस्तुलाई प्रक्रियागत रूपमा जाने गरेर आइसकेको छ । मैले त्यो ३ वटा विषयवस्तुलाई म यहाँ प्रस्तुत गर्न चाहन्छु ।

विशेष गरी संघीयताको मर्म, भावना र यो मुलुकलाई हामीले संघर्षबाट प्राप्त गरेको एउटा इतिहासको रक्षा गर्न अथवा त्यसको उपलब्धिको रक्षा गर्न हामीलाई एउटा नयाँ चिजको आवश्यकता परेको छ । त्यो नयाँ चिजलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न आवश्यक छ । त्यो कार्यान्वयन गर्ने भनेको हाम्रा विभिन्न प्रशासनिक संयन्त्रहरू, विभिन्न निकायहरू त्यसलाई हामीले पुर्नसंरचना गर्ने विषयवस्तु मुल प्रश्न हो ।

आज हामीले संघर्ष गरेर प्राप्त गरेको इतिहास, त्यो उपलब्धी हामीले त्यसलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न जुन संवैधानिक अधिकार हामीलाई प्राप्त भएको छ । त्यो मुलुकमा संघीयता, त्यो संघीयताको ढाँचामा हामीले शासन, एउटा राजनीतिक हिसाबले हामीले प्राप्त गरेको एउटा शासन पद्धति जो संघीयता छ, त्यो संघीयता आज हाम्रो अगाडि सबैभन्दा नयाँ चिज हो । नेपालको सन्दर्भमा हिजो भन्दा आज फरक चिज भनेको संघीयता हो । आज यो चिज भित्र हामीले प्रदेश प्रहरीलाई अथवा नेपालका सबै प्रशासनिक निकायहरू, सबै संरचनाहरूलाई हामीले पुर्नसंरचना गर्न अहिलेसम्म सकेका छैनौं । जस्ताको तस्तै हिजो पञ्चायतकालीन अवस्थामा जस्तो संरचना थिए त्यो संरचना भन्दा आज फरक छैन । आज ती संरचनाले हामीलाई फेरि अहिले नयाँ संरचना अनुसार अगाडि बढ्नुहोस् भनेर कहिल्यै सुझाव दिन तयार हुन्छन् ? कदापी हुँदैनन् । यो कारणले गर्दा खेरी त्यहाँबाट यो सुधार आउन भन्ने कुरा मैले कतिपय ठाउँहरूमा चर्चा गरेको सुनेको छु । यो गलत छ, त्यो कारणले आज संघीयताको नीतिगत पालनाको विषयवस्तु अह म त चाही यो प्रदेश प्रहरीको एउटा विषयवस्तुभित्र प्रतिबद्धताको एउटा विषयवस्तुभित्र राखिनुपर्छ भन्ने विषयवस्तु पहिलो विषयवस्तु हो । दोस्रो कुरा भनेको जनपथ प्रहरी भित्र जो उपसमूहको रूपमा राखिएको छ प्रदेश प्रहरीको संगठनभित्र । उपसमूह भित्र फेरि हामीले त्यो उपसमूहभित्र अर्को हामीले समूह बनाएर त्यो भित्र राख्ने गरी आज महिलाहरू दिनदिनै मैले

एउटा घटना के पनि एउटा तथ्यांकका हिसाबले मैले के पाएको छु भने चैत्रभन्दा यता आएर १२ सय २१ घटना, १२ सय २१ घटना महिलाहरू बलात्कार भएको घटना अहिले तथ्याङकमा सार्वजनिक भइराखेको छ । यो हेर्दा खेरी आउँदाखेरी दिनको ७ जना महिलाहरू दैनिक रूपमा बलात्कार भएका घटनाक्रमहरू छन् । ती विषयवस्तुहरूलाई आज संघ सरकारले राखेको कुरा आज हामीले प्रदेशमा, प्रदेश प्रहरीभित्र हामीले किन राख्न सक्दैनौं ? महिलाहरूको न्यायिक अधिकार स्थापित गर्ने हिसाबले, महिलाहरूलाई त्यो ठाउँमा सही ढंगले न्याय दिने हिसाबले, हामीले महिला प्रहरीहरूको एउटा संगठनभित्र एउटा समूह बनाएर न्यायिक महिला समूह मतलब महिला न्यायिक समूहलाई एउटा सेवा दिने त्यो खालको संगठन, समूह अथवा सेल के बनाउन सकिन्छ त्यो रूपमा हामीले किन स्थापित गर्न सकेनौं ? आज हामीले यहाँ हेर्दाखेरी ३३ प्रतिशत महिलाहरू हामी यो सभाभित्र पनि छौं तर के कारणले त्यो चिज तै चुप र मैचुप भइराखेको छ, हामीले उठाइरहेका छौं घटनाक्रम, सदनमा उठाएका छौं । हामी सडकमा उठाइराखेका छौ । सडकको आवाज मात्रै हो कि हाम्रो कानूनमा कार्यान्वयन गर्ने विषय हो ? मैले एक पटक महिला माननीयज्यूहरूलाई प्रश्न गर्न चाहन्छु । हामी अधिकारका निम्ति लड्ने हो भने, व्यवहारिक रूपमा त्यसको अभ्यास गर्ने कुरा पनि हामी नीति निर्माणको तहमा छौं, नीति निर्माणको तहमा आउँदाखेरी तै चुप मै चुप हुने, सत्ता पक्ष र प्रतिपक्षका रूपमा हुने हो भने त्यो सडकको आवाज कसले बोल्छ ? मैले यहाँनेर पनि प्रश्न गर्न चाहन्छु त्यसैले आज जनपथ प्रहरी भित्र महिलाहरूको एउटा न्यायिक सेल आवश्यक छ । त्यो समूह आवश्यक छ त्यसका निमित्त मेले जोडदार रूपमा अपिल गर्न चाहन्छु ।

तेस्रो कुरा त्यो भित्र, हामीले देखिराखेका छौं दलितमाथि धेरै ठूलो अन्याय भइराखेको छ । अहिले सबैभन्दा, सबैभन्दा धेरै मान्छे अपमानित छ भने त्यो दलित अपमानित छ । आज ती मान्छेहरूलाई फरक ढंगले न्यायको एउटा अधिकार दिने गरेर हामीले दलितहरूलाई न्याय दिने खालको एउटा कार्यक्रम हामी बनाउन सक्छौं कि सक्दैनौं ? त्यो भित्र एउटा समूह राख्न सक्छौं कि सक्दैनौ ? आज भित्रै गुपचुप बनाएर घटनाहरू मिलाइएका घटनाहरू छन्, धेरै घटनाहरू हामीले देखिरहेका छौं । रुकुमको घटना, चौरहजारीको घटना, अस्ती मात्रै सम्भना विकको बलत्कारको घटना अथवा ती विभेदकारी सबै घटनाक्रमहरू जो दलित समुदायहरूमाथि अरु कुरा मैले भन्दिन, आज त्यही बाग्लुङको एउटा घटना गुरुकुल शिक्षालयमा दलितलाई अध्ययन गराउने सन्दर्भमा कुन ठाउँमा प्रशासनिक कानूनले निर्णय गर्दैछ ? कुन चाहीं कानूनले हेर्दै छ ? आज अदालतमा हामी कुरा गरिन्छ, अदालतमा जाने अधिकार त छ होला तर अदालतमा भन्दा अगाडि मान्छेले उजुरी हाल्ने ठाउँ कहाँ छ ? त्यो उजुरी हाल्ने ठाउँ आवश्यक चाहियो कि चाहिएन ? त्यो ठाउँ बनाउन पऱ्यो कि

परेन ? त्यो बनाउन आवश्यकता हिसाबले मैले यो विषयमाथि एउटा संशोधनका हिसाबले एउटा थप गर्नुपर्ने विषयका हिसाबले मैले उठान गरेको हो ।

अर्को कुरा भनेको आज महिलाहरू सबै ठाउँमा समावेशी सिद्धान्तका आधारमा सबै हिसाबले ३३ प्रतिशत महिलाको कुरा आज समावेशी सिद्धान्तको आधारमा नेपालको संविधानले प्रस्तावनामा उल्लेख गरेको छ । आज त्यो प्रस्तावनामा उल्लेख गरेको कुरा आज हामीले प्रदेशको सरकारले त्यो पूरा गर्न किन तयार भएन, के कारणले तयार भएन ? हिजो महिलाहरू, महिलाहरू आफूँले बन्दुक बोकेर हाइअलटमा बस्न सके । हिजो महिलाहरूले सुरुङबाट निस्किएर सबै सुरक्षा निकायको घेरा तोड्न सफल बने, हिजो महिलाहरू सबै ठाउँमा हाइअलट बसेर सबै समाजको एउटा अग्राधिकार लिन सफल भए भने आज हरेक आन्दोलनका मोर्चामा महिलाहरू सफल भए भने आज प्रदेश प्रहरीमा २० प्रतिशत मात्र किन तोकिन्छ हामी ३३ प्रतिशत किन बनाउन सक्दैनौं ? हिजो हामी परिवर्तनका हिमायती आफूहरूलाई भन्नेहरू त्यो संविधानले लेखिदिएको अधिकार खोस्ने यो विषयमा सरकारलाई कहाँबाट छुट छ ? सरकारले यो विषयलाई किन गम्भिरताका साथ लिँदैन ? र संविधानको उल्लंघन सरकार आफैँले गर्दै छ भने, आखिर यो कानूनको उल्लंघन कसले गरिराखेको छ ? संविधानको उल्लंघन कसले गरिराखेको छ ? सरकार आफैँले गरिराखेको छ । त्यसैले ३३ प्रतिशत लागू गरियोस् मेरो माग यी विषयहरू राख्दै आफ्नो भनाइलाई टुङ्गयाउन चाहन्छु । धन्यवाद नमस्कार ।

**माननीय सदस्य श्री दीपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, हामीले संघीयताको कार्यान्वयन गरेर प्रदेश सरकार सञ्चालन गरेको झण्डै ३ वर्ष पुग्नै लाग्दा नेपालको संविधानको धारा ५७ उपधारा २ बमोजिम प्रदेशका अधिकारसूची अन्तर्गत अनुसूची ६ मा उल्लेख गरिएको प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षाको विषय र उक्त व्यवस्था बमोजिम संविधान प्रद्धत मौलिक हकहरू र मानवअधिकारको संरक्षण गर्दै प्रदेशमा शान्ति र व्यवस्था कायम गर्न, अपराधको रोकथाम, नियन्त्रण गर्न, अनुसन्धान गर्न तथा कानूनको कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने प्रदेश प्रहरीको गठन, सञ्चालन, सुपरीवेक्षण र समन्वय गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्नु पर्ने भएकाले प्रदेश सभामा प्रस्तुत यो विधेयक माथि आज हामी दफाबार छलफलमा छौं ।

**माननीय सभामुख महोदय,** दफा ९ देखि ९४ सम्म अनुसूची १ र २ गरी ४० पेजमा समेटिएको यो विधेयक आजको दिनमा प्रदेशभित्रको शान्ति सुरक्षाको कायम गर्ने, प्रदेश सरकारको औचित्यता, पुष्टि गर्न मात्र होइन संघीयताको मूल मर्म जनतालाई जरुरी पर्दा छिटो छरितो रूपमा जनताको आवश्यकतामा उपस्थित हुन आजको दिनमा प्रहरीको बारेमा केही नकरात्मक सोचाइहरू छन्, त्यसलाई हटाई प्रहरी भनेको जनताको सेवक हुन् भन्ने

कुरा स्थापित हुन नसकिरहेको सन्दर्भमा यो विधेयकले यी विषयहरूलाईसमेत समेटेर प्रदेश सरकारको औचित्यता पुष्टि गर्ने गरी यो विधेयक आएको म ठान्दछु । यसका सबै दफाहरूले, यी सबै कुराहरूलाई व्यवस्थित गर्दै, व्यवस्थित गरेको छ । त्यस्तै, सोही क्रममा यहाँ एकदुई वटा दफा महत्वपूर्ण दफाका बारेमा मात्रै म राख्न चाहन्छु । दफा ३ मा प्रदेश प्रहरीको सेवाका आधारभूत सिद्धान्तहरूमा लेखिएको छ लोकतन्त्र, कानूनको शासन र मानव अधिकारप्रति प्रतिबद्ध रहने, आम नागरिक र समुदायप्रति उत्तरदायी रहने, निष्पक्ष, व्यवसायिक र दक्ष सेवा प्रवाह गर्ने, उच्च नैतिक चरित्र र स्वच्छ आचरणमा रही सेवा प्रवाह गर्ने जस्ता आधारभूत सिद्धान्तका आधारमा प्रदेश प्रहरी निर्देशित हुने व्यवस्था गरिएको छ ।

जसले यी प्रदेश प्रहरी कस्तो बन्छ ? या प्रहरीका बारेमा आज जे धारणाहरू छन्, प्रहरीहरूको बारेमा धारणाहरू छन्, जे पृष्ठभूमिबाट आज हामी आयौं त्यसलाई हल गर्ने यसले प्रदेश प्रहरी निर्माण प्रहरीको आधारभूत सिद्धान्तबारेमा यसले व्याख्या गरेको छ दफा ३ ले । त्यस्तै नागरिकको जीउधनको सुरक्षा गर्नु, नागरिक स्वतन्त्रताको संरक्षण गर्नु, अपराधको रोकथाम गर्ने, सुशासन प्रवर्द्धनमा सहयोग गर्ने, महत्वपूर्ण व्यक्ति स्थानीय निकाय वा आयोजनाको सुरक्षा, प्रदेश भित्रका सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने जस्ता विषयहरू, प्रदेश प्रहरीको काम कर्तव्य र अधिकार स्वरूप दफा १२ मा उल्लेख हुनुले नै प्रदेश प्रहरीको आवश्यकता मात्रै होइन, प्रदेश प्रहरीले के गर्दछ भन्ने कुराको पनि यसले प्रष्टसँग दफा १२ मा व्याख्या गरेको छ । प्रहरीलाई नागरिक प्रहरी कसरी बनाउन सकिन्छ भन्ने विषयमा यो विधेयकले खास नयाँ कुरा एउटा गरेको छ, जस्तो कि दफा ७९ मा नागरिक परामर्श समितिको व्यवस्था गरिएको छ ।

सम्भवत हाम्रो यो प्रहरी इतिहासमै हामीले पहिलो पटक यो अभ्यास गर्दै छौं । जहाँ मुख्य न्यायाधिवक्ताकोसमेतको संयोजकत्वमा सार्वजनिक प्रशासन, न्याय प्रशासन, सुरक्षा, शिक्षा र उद्योग, महिला सशक्तिकरण वा सामाजिक क्षेत्रमा योगदान दिएका व्यक्तिहरूमध्येबाट २ जना महिलासहित ५ जना यो समितिमा रहने जुन व्यवस्था गरेको छ । यसले नागरिकसँग प्रहरीलाई कसरी जोड्न सकिन्छ ? हाम्रो प्रहरी नागरिकहरूको प्रहरी हो कि होइन ? प्रहरी जनताको साथी भनेर पनि यहाँ व्याख्या गरिन्छ तर त्यो अनुसार भएर भनेर यस्ता टिकाटिप्पणीहरू जे आइरहेका छन्, यसले हामीलाई जागरिक प्रहरीको रूपमा, प्रहरीलाई नागरिकसँग जोड्ने कुरामा मात्र होइन, यस्ता कुराहरूले शान्ति सुरक्षाको सबलीकरण गर्ने कुरादेखि लिएर प्रदेश प्रहरीका नागरिकप्रतिका गुनासाहरूसमेत सम्बोधन गर्ने समेत व्यवस्था यसले गरेको छ । के प्रहरीले मुद्दा सञ्चालन गर्दा या अपराधीहरूलाई कारवाही गर्दा या निरपराधीहरूलाई पनि कारवाही गर्दछ या यस्ता धेरै कुराहरूबाट प्रहरी प्रभावित

हुन्छ भन्ने कुराहरूकोसमेत यसले सम्बोधन गर्दै त्यो दफामा प्रहरीका बारेमा उजुरीसमेत गर्ने व्यवस्था गरेको छ । त्यसकारण प्रहरीका बारेमासमेत उजुरी गर्ने व्यवस्था गरेकोले प्रहरीलाई नागरिक प्रहरी कसरी बनाउन सकिन्छ भन्ने कुरा यो ऐनले, यो विधेयकले समेटेको जस्तो देखिन्छ । हालसम्मको नेपाल प्रहरीकोसमेत अनुभवले दफा २४ ले गरेको वैज्ञानिक प्रस्तुतिको व्यस्था दफा २४ को उपदफा ६ ले गरेको समावेशीताको व्यवस्था, प्रदेश प्रहरी संगठनलाई समावेशीतामासमेत लगेको देखिन्छ । प्रहरीलाई आधुनिकीकरण गर्ने, आधुनिक हतियार र प्रविधिद्धारा सुसजित गर्ने, आजको आधुनिक युगमा प्रहरीलाई संसारभरिका अरु प्रहरीहरूसँग पनि प्रतिस्पर्धी बनाएर लैजाने विषय पनि यसमा महत्वपूर्ण रूपले यो विधेयकले समेटेको छ ।

परिच्छेद १० को दफा ७५, ७६, ७७, ७८ मा गरिएको तालिम, वृद्धि, विकास र वैदेशिक भ्रमण, मिसनसम्मको व्यवस्थाले हाम्रो प्रहरीलाई आजको दिनको प्रहरी, परम्परागत रूपमा हामीले २०१२ सालको प्रहरी ऐनको आधारमा त्यहाँ तत्कालीन जतिबेला हामीले नेपाल प्रहरी बनायौं, त्यो बेसमा मात्रै नभइकन आज हामी आजको आवश्यकतानुसार प्रहरी संगठनलाई कसरी रूपान्तरण गर्न सक्दछौं ? भन्ने कुरा यो विधेयकका धेरै दफाहरूले खास गरीकन यो ७५, ७६, ७७, ७८ ले यसमा सम्बोधन गरेको देखिन्छ । त्यस्तै प्रहरीलाई कसरी काममा लगाउने, या प्रदेश प्रहरीको कसरी व्यवस्थापन गर्न सकिन्छ भनेर प्रहरीको कामलाई व्यवस्थित गर्नका लागि, प्रभावकारी बनाउनका लागि दफा ७ ले प्रहरीको प्रणालीको निर्माण गरेको छ । त्यस्तै दफा ८ मा प्रहरी समूहकोसमेत निर्माण गरेर यसले कामलाई के कसरी व्यवस्थित गर्दछ भन्ने कुरालाई यसले अगाडि बढाएकाले महत्वपूर्ण कानूनका रूपमा यो विधेयक आएको छ । त्यसकारण समग्रतामा हेर्दा यो विधेयकले प्रदेश प्रहरीको मात्रै नभएर प्रदेश सरकारकोसमेत औचित्यता पुष्टि गरेको छ ।

आजको दिनमा प्रदेश सरकार, हुन त हामी सेना नरहेको जनतासँग आफ्नो भन्ने केही हुँदैन भन्ने स्कुलिङ्गबाट आएको त्यसमाथि पनि सरकारसँग पनि कुनै फौजी संरचना नहुने हो भने सरकार कसरी अगाडि बढ्दछ भन्ने प्रश्न चिन्ह पनि यहाँ धेरै पटक उठेको, प्रदेश भित्रको शान्ति, सुव्यवस्था हामी कसरी कायम गर्दछौं भनेर पटक-पटक सदनमा कुरा उठाइरहँदा हाम्रो प्रदेशका आन्तिरिक मामिला मन्त्रीले हरेक पटक दिनुभएको जवाफ हो कि हामीसँग यो संरचना छैन । त्यसकारण आजबाट यो जसरी आजका मितिदेखि यो विधेयक, ऐन बन्दैछ मलाई विश्वास छ कि यी विषयहरूमा मात्र संक्षिप्त चर्चा गर्दै यी कुरा राख्दछु । आजबाट यो ऐनको रूप धारण गर्ने छ । त्यसपछि प्रदेश सरकारले साच्चिकै प्रदेश सरकारका रूपमा शान्ति, सुरक्षा व्यवस्था गर्ने मात्रै होइन, विपत् व्यवस्थापन गर्ने कुरा मात्रै होइन, सरकारका कानूनको कार्यान्वयन गर्ने कुरा मात्र होइन, जनताले आफ्ना आधारभूत

आवश्यकताहरू पूरा नगर्दा पनि प्रहरीले, प्रदेश प्रहरीले प्रदेश सरकारको जवाफदेहितामा प्रदेश सरकारको निर्देशनमा कामहरूलाई व्वस्थित ढंगले अगाडि बढाउँछ भन्ने विश्वास राख्दछु र प्रदेश सरकारको औचित्यतामाथि पनि जे प्रश्न उठिरहेको छ मलाई लाग्छ यो, प्रदेश प्रहरीको विधेयक मात्र होइन, यो विधेयक, संघीयतामाथिको जे प्रश्न चिन्ह उठिरहेको छ त्यसका निमित्त पनि जवाफ हो । किनकि प्रदेशसँग प्रदेश सरकारले सञ्चालन गर्ने आफ्नो कुनै पनि संयन्त्र या शान्ति सुरक्षाका लागि विभिन्न कार्यहरू गर्नका लागि जसरी हामीलाई प्रहरीको आवश्यकता पर्दछ त्यो पूरा गर्ने एउटा विधेयकका रूपमा संघीयताको कार्यान्वयन गर्ने विधेयकका रूपमा संघीयतालाई व्यवस्थित गर्ने विधयेकका रूपमा, प्रदेश सरकारको औचित्यतालाई पुष्टि गर्ने विधेयकको रूपमा, प्रदेश सरकार भन्या साच्चिकै स्थानीय रूपमा हामीले भनेको यो केन्द्रिकृत व्यवस्थालाई संघीयतामा ल्यायौं र संघीयताले हामीले जसरी सरकारहरू निर्माण गऱ्यौं र प्रदेश सरकार निर्माण गरिरहँदा हामी नयाँ राजनीतिक प्रणालीलाई व्यवस्थित गरिरहँदा हामीले जे कुराको आजसम्म व्याख्या गर्दै आयौं त्यसको पुष्टि गर्न, त्यसलाई व्यवस्थित बनाउनका लागि पनि यो विधेयकले महत्वपूर्ण हुनेछ भन्ने विश्वास व्यक्त गर्दै यो विधेयकप्रति पूर्ण समर्थनका साथ मेरो भनाइ अन्त्य गर्दछु । धन्यवाद नमस्कार ।

**माननीय सदस्य श्री दोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुखज्यू, आज हामी गण्डकी प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न विधेयकका सम्बन्धमा छलफलमा भाग लिइरहेका छौं । विशेष गरेर आज हाम्रा ४२ वटा विधेयकहरू पारित हुने सन्दर्भमा यो ज्यादै महत्वपूर्ण विधेयक हो भन्ने मलाई लाग्दछ । आज हामी सम्पूर्ण नेपालीहरूको शान्ति, सुरक्षा र भरोसाको केन्द्र भनेको प्रहरी संगठन हो । त्यसले गर्दाखेरी यसको महत्वपूर्ण भूमिका छ भन्ने मलाई लाग्दछ । आज प्रहरी संगठन भित्र हात, हतियार, गोली, गठ्ठा, खरखजानादेखि सम्पूर्ण चिजहरू २४ सै घण्टा, बाह्रै काल, बाहै महिना, सधैँ रहिरहने संगठन भएको कारणले जनताप्रति अप्ठ्यारो पर्दा, असुरक्षा हुँदा हरेक क्षेत्रमा छिनछिनमै यो प्रहरी संगठनको आवश्यकता पर्ने भएको हुनाले यसको महत्वपूर्ण भूमिका छ र यो आवश्यक छ भन्ने मलाई लाग्दछ । हामीले आज प्रहरी संगठन माथि त्यही अनुसार विश्वास गरेको अवस्था पनि छ ।

माननीय सभामुख महोदय, संविधानको धारा ५७ को उपधारा २ बमोजिम प्रदेश प्रहरीको जुन अधिकार अनुसूची ६ मा प्रदेश प्रहरीको हाम्ले यो विधेयक प्रस्तुत भएर हामी छलफलमा जुटिराखेका छौं । तर म यहाँ थोरै कुराहरू, छलफलका सन्दर्भमा थोरै कुराहरू यहाँ जोड्न चाहन्छु । आज हामी प्रत्येक विधेयकहरूमा सैद्धान्तिक छलफलमा, दफावार

छलफलमा हामी सहभागी भइरहेका हुन्छम् । हाम्रो सैद्धान्तिक छलफलपछि हाम्ले यो विधेयकहरू विधायन समितिमा पठाइएको छ । विधायन समितिबाट करिब-करिब संशोधन गर्नपर्ने संशोधन भएर अथवा जे बनाउन पर्ने हो त्यही अनुसार विधेयकहरू यहाँ सदनमा प्रस्तुत भइरहेको अवस्था छ । यो विधेयकहरू पनि संशोधनदेखि लिएर हरेकका हाम्रा हातमा यो परिसकेको छ, अब हामीले यो विधेयक माथि छलफल गर्नी औचित्य के हो भन्ने मैले बुझ्केको छैन । किन भने हामीले कुनै पनि छलफलमा भाग लिएर दफावार छलफलमा भाग लिएर यो संशोधनका कुराहरूमा संशोधन हुन्छ कि हुँदैन ? हुने हो भने कहिले हो ? विधायन समितिमा जानपर्ने होला । यदि नहुने हो भने त अहिले हामीले यहाँ बोलिरहेका छम् तर सदनबाट यहाँ पारित हुन्छ । त्यसले गर्दा यसको औचित्य के हो भन्ने कुरा हामी म चाहि अलमलमा परेको अनुभूति भएको छ । त्यसकारण कि हामीले सैद्धान्तिक छलफलमा विधेयकमा हामीले बुँदाबुँदामा छलफल गरेर हामीलाईसमेत दिनुपर्‍यो । यी यी बुँदामा संशोधन गर्नुपर्छ भनेर यहाँ संशोधन प्रस्ताव पनि आइसकेको छ । दर्ता भएर पनि संसदमा आइसकेको छ तर संशोधन प्रस्ताव दर्ता भएर आएको पनि त्यो चाही विषयहरू कुनै पनि यहाँ उल्लेख भएको अवस्था छैन । त्यसकारण अब हामीले दफावार छलफलबाट गरेको छलफलले के औचित्य हो भन्ने मलाई लाग्दछ । तथापि आज हामी छलफलमा उभिएका छौं ।

मलाई विशेष गरेर आज जुन यस विधेयकमाथि छलफल गरिरहँदा खेरीमा आज ४२ वटा जति विधेयकमा आज हामीले पटक-पटक समावेशी सिद्धान्तका कुराहरू, सम्मानजनक कुराहरू उठाइरहँदा सरकार कानमा तेल हालेर आँखा चिम्लेर बसेको अवस्था थियो । आज मलाई खुसी लागेको छ । सरकारको आँखा पनि खुलेछ संविधानको व्यवस्था भएको कारणले पनि होला । आज जुन समावेशी सिद्धान्तका आधारमा यसमा जुन व्यवस्था गरिएको छ । त्यसले गर्दा म सरकारलाई आभार र धन्यवाद टक्र्याउन चाहन्छु । विशेष गरेर बुँदा नं. ८ मा जनपथ प्रहरी उपसमूह, अर्को उपसमूह र अर्को बुँदामा प्रदेश प्रहरीमा उपसमूहमा जे भनिएको छ । यसमा विभिन्न खालका उपसमूहहरू भनिएको छ । यसमा अब थप हुँदैन यो राख्योमात्रै होला । यसमा उपसमूह प्रदेश प्रहरी प्रशिक्षण उपसमूह पनि राख्दाखेरीमा अझ उपयुक्त हुन्थ्यो होला । हुनत फेरि अर्को ऐन बन्न पर्नी होला । अब यसको अर्को प्रक्रिया पनि होला यसकारण यो थपेर राम्रो हुन्थ्यो भन्ने मलाई लाग्दछ ।

अर्को बुँदा नं. १२ मा प्रहरीको काम, कर्तव्य अधिकार भन्ने सन्दर्भमा अब हाम्रो यो प्रदेशभित्रका  कलात्मक वस्तु, संग्रहालय, साहित्य, ऐतिहासिक, वैज्ञानिक तथा पुरातात्विक वस्तुहरूको संरक्षणका लागि पनि अथवा यसैमा समावेश गर्नका लागि पनि प्रदेश प्रहरीले संरक्षण गर्दामा उपयुक्त हुन्थ्यो होला त्यसका लागि पनि कतै न कतै यो जोडेको भए हुन्थ्यो

भन्ने मलाई लाग्दछ । प्रहरी भित्र अहिले पनि जातीय विभेदहरूका कुराहरू सुन्नमा आइरहेका छन् । यस विधेयकले यस्ता खाले प्रहरी भित्रको विभेदको अन्त्य गर्नमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ भन्ने यो कतै न कतै हुन त यसमा धेरै कुरा समेटेको छ तर कार्यान्वयन पक्ष कस्तो हुन्छ त्यसलाई हेर्न बाँकी छ । यसमा पनि आगामी दिनमा यस्ता खालका विभेदहरू पनि अन्त्य हुनुपर्दछ भन्ने मलाई लाग्दछ । अर्को प्रहरीमा हुने सरुवा, बढुवा, घटुवा जुन यो प्रहरी आचारसंहिताहरू छन्, जुन कारवाहीका कुराहरू छन् यसमा ज्यादै महत्वपूर्ण कुराहरू लेखिएका छन् । तर म एउटा सानो उदाहरण राख्न चाहन्छु । बेल्कामा प्रहरीहरू गस्तीमा हिँड्छन् । बेलुकामा मदिरा सेवन गरेर प्रहरीहरू हिँडेका हुन्छन् । एकजना अर्को मान्छे, सामान्य मान्छे मदिरापान सेवन गरेर हिँडेको छ भने त्यसलाई ल्याएर पक्रेर हस्पिटल लएर चेक गर्छ अनि त्यसलाई रातभरी चिसामा ल्याएर राखिदिन्छ र भोलिपल्ट जरिवानासरिवाना तिरेर निस्कन्छ प्रहरीले मदिरा सेवन गर्दा कसले लएर त्यहाँ चेक गर्ने ? त्यो चाही प्रहरीर्लाइ पनि निवेदन दिएर कारवाही गर भने त्यो कारवाही हुन्छ कि हुँदैन ? अब प्रहरीलाई पनि निवेदन दिएर कारवाही गर्न पाउने त यहाँ भनिएको छ त्यस खालका कारवाही हुन्छ कि हुँदैन ? त्यसकारणले हामीले यहाँ जे लेखिएको छ त्यसलाई अक्षर-अक्षर पालना गरेर बुँदागतत ढंगबाट यसलाई कार्यान्वयनका ढंगबाट जान सकियो भने पहिला यो प्रदेश प्रहरी विधेयक जो आएको छ । यसको सफलता मिल्ने छ भन्ने मलाई लाग्दछ ।

अर्को प्रहरीमै जुन यो देशमा विभिन्न खालको घटनाहरू घटिरहेको हुन्छ । अहिलेमात्रै पनि चारपाँच दिन भित्रमा चारपाँच वटा बालबालिका, युवतीहरूको बलात्कार भएको छ । प्रत्येक घटनाहरूलाई, अपराधीक घटनाहरूलाई, ज्यानमारा घटनाहरूलाई राजनीतिक संरक्षणमा तिनलाई संरक्षण गरेर तिनलाई उम्काउनु, उन्मुक्ति दिने, जुन पीडित छ, अन्याय, अत्याचार दमनमा परेको समुदाय छ, त्यसलाई हप्काउनी, दप्काउनी, ज्यान मार्नेसम्मको धम्की दिने र त्यही मलजल गरेको कुरा प्रहरी प्रशासनबाट त्यस्ता खालका गतिविधिमा सक्रिय भूमिका निर्वाह नगरेका कारणले थुप्रै मान्छेहरूले जस्तै निर्मला पन्तको घटनामा प्रहरी प्रशासनबाटै प्रमण नष्ट गर्ने भएर उसले न्याय नपाएको अवस्था छ । त्यसले गर्दाखेरी पनि आगामी दिनमा यो विधेयकले त्यो कुरालाई पनि अगाडि बढाउन सकोस् भन्ने म आग्रह गर्न चाहन्छु । अनुसन्धान गर्ने अवस्थामा मुद्दा लिएर गएपछि, प्रहरीमा मुद्दा लिएर गइसकेपछि आज राजनीतिक पहुँचको भरमा फितलो, मुद्दा अगाडि बढाउन फितलो, न्याय नपाउने अवस्था सिर्जना, हरेक प्रमाणहरूलाई नष्ट गरिदिने अवस्थाहरू, यस्ता खालका गतिविधिले आज पिछडिएका समुदायहरू, निमुखा समुदायका मान्छेहरू, महिला दिदीबहिनीहरू प्रहरी प्रशासनबाट धेरै डराएको अवस्था छ किन भने आज प्रहरी प्रशासनसँग जान सकेको अवस्था छैन । त्यसकारणल गर्दाखेरी पनि आगामी दिनमा यो

विधेयकमा जसरी आएको छ यसमा कार्यान्वयन पक्षमा अगाडि बढाएर प्रहरीलाई जनमुखी बनाएर, जनताको प्रहरी हो, हाम्रो प्रहरी हो जनताको सुरक्षा र सेवा गर्ने, कर्तव्यनिष्ट प्रहरी हो भन्ने वातावरण सिर्जना गर्न यो विधेयकले महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ । यिनै कुराहरू राख्दै आफ्नो भनाइ अन्त्य गर्दछु धन्यवाद जयनेपाल ।

**माननीय सदस्य श्री खिमविक्रम शाहीलाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुखज्यू, आज गण्डकी प्रदेश प्रहरी विधेयक २०७७ माथि दफावार छलफलमा भाग लिन गइरहेको छु । सर्वप्रथम यो विधेयक अत्यन्तै महत्वपूर्ण विधेयक हो भन्ने कुरा निर्विवाद छ, सबैको एकमत छ । तर हामीले चुनावमा भोट माग्दै गर्दा अब यो संघीय व्यवस्था आएपछि कुशासन चट हुन्छ, सारा सुशासन मात्र हुन्छ भन्ने भन्यौं । यो विधेयकको शुरुमै भएिकको छ प्रदेश प्रहरी गठनको ३ (२) मा पहिलो पटकको हकमा नेपाल प्रहरीमाा कार्यरतहरूलाई संघीय कानून बमोजिम समायोजना भई वा खटिई प्रदेश प्रहरीको गठन हुनेछ । नयाँ कुरो त केही छैन, अहिले पनि विधेयक आएको छ, विधेयकले आजसम्म रोकेको थियो । विधेयक आयो, विधेयक आज सम्भवत पास हुँदैछ । अहिलेसम्म अब, जुन समायोजन गरेर यो प्रदेश प्रहरी गठन हुँदैछ । विधेयक आउँदा बित्तिकै सबै सम्पन्न हुने हो कि ? अनि नयाँ भर्नाको कुरा, नयाँ प्रहरी कर्मचारीको भर्ना गर्ने कुराहरूलाई पनि व्यवस्था गरिएको छ । यसैमा पनि यो केही शब्द थपेर परिमार्जन गरेर, मलाई लाग्छ यो ऐन पनि पुरानै ऐनलाई निरन्तरता दिएको हो कि जस्तो अनुभव छ, महसुस हुन्छ । धेरै कुराहरू तोकेबमोजिम हुनेछ भनेको छ ।

यहाँ यो पेज नं. १० मा को २० मा यो बेवारिसे सहयोगको सम्बन्धमा भनेर व्यवस्था गरिएको छ । बेवारिसे भएका, सनाखत हुन नसकेका त्यस्ता प्रकारका घटनाबाट भेटिएका मृतकहरूको बारेमा व्यवस्था राम्रो गरिएको छ । तर त्यसेमा फेरि बेपत्ता भएका मान्छेहरू, विभिन्न घटनमा परेर बेपत्ता भएका मान्छेहरूको कुनै व्यवस्था छैन । यहाँ पनि पुरानै ऐन अनुसार हुने हो कि ? मानौं अस्ति भर्खर ढोरपाटनमा ३७ जनामध्ये १५ जना अझै बेपत्ता छन् । खोजी कार्य जारी छ । ती १५ जना मान्छेहरू, बेपत्ता भएका मान्छेहरूले सेवा सुविधा पाउनका लागि, सेवा सुविधा प्राप्त गर्नका लागि यो ऐनमा के व्यवस्था गरिएको छ ? मरेको त हो ? हिजोसँग सँगै थियौं हामी, सँगै बसेको  हो, सँगै सुतेको हो, सँगै खाएको हो तर ऐनमा व्यवस्था छैन भनेर यी १५ जना मान्छे उदाहरणका लागि नेपालभरि त्यो छ । त्यसैले त्यसको व्यवस्था पनि गरिनु पर्छ । त्यस्ता मान्छेहरूले पनि क्षतिपूर्ति पाउनुपर्छ । अर्को कुरा यो पेज नं. १७ को ३१ म बढुवाका थुप्रै आधारहरू बनाइएको छ । राम्रो छ । बढुवामा पक्षपात हुने छैन । त्यसैमा फेरि यो सरुवा हुँदा अथवा काज सरुवा हुँदा अहिलेसम्मको प्राक्टिक्स के छ ? प्रहरी संगठनमा भने ठूलाबडाको भनसुनबाट, हाकिमहरूको भनसुनबाट

काज सरुवा गर्ने हो कि ? सरुवा गर्ने हो कि ? त्यो प्रकारको व्यवस्था छ, परम्परा कायम छ त्यसैले यसलाई अब यो ऐनले आवश्यकता अनुसार पक्षपात नगरिकन, नियम अनुसार सरुवा तथा काज सरुवा गरिने छ भन्ने आसा गर्छु ।

यो अर्को कुरा, यो हुन त तोके बमोजिम भनेर माथि नै भनेको छ भनेर उल्लेख गरिहाले । यो प्रदेश प्रहरीमा गण्डकी प्रदेशभित्र यो प्रहरीको गठन गर्दा, नयाँ प्रहरी लिंदा कि प्रदेशभित्रका मात्रै भर्ती गराउने कि ? अथवा सरुवा हुँदा प्रदेशबाट अन्तरप्रदेश अर्को प्रदेशसम्म जान पाउने कि नपाउने ? अथवा योग्यता र क्षमताका आधारमा प्रदेशबाट नेपाल प्रहरीमा जान पाउने कि नपाउने ? यी कुराहरू पनि हुन जरुरी छ । प्रष्ट हुन पर्‍यो नि विधेयकमा । अर्को कुरा अहिलेसम्म अर्को पनि के छ भने डिआइजी, एआइजी अथवा पूर्व प्रधानमन्त्री, पूर्व उपप्रधानमन्त्रीलगायतका घरमा सुरक्षार्थ भनेर ५० औं प्रहरीहरू, सुरक्षाकर्मीहरू खटनपटन गरिएको छ । जब कि देशमा हाम्रा माननीयज्यूहरूले अघि नै पनि उल्लेख गरिसक्नु भएको छ । हत्याका घटनाहरू घटिरहेका छन्, बलात्कारका घटनाहरू घटिसकेका छन्, त्यस्तालाई सुरक्षा हुनु, शान्ति, सुव्यवस्था सुरक्षा कायम हुन सकेको छैन । अन्याय, अत्याचारमा परेकालाई न्याय दिन सकेको छैन । तर अब यो विधेकयले ती ठूलाबडा मान्छेहरूको घरमा शान्तिसुरक्षार्थ अथवा भात पकाउन हो कि, सरसफाइ गर्न हो कि त्यसलाई पनि यसले काटेर जाने छ भन्ने म आशा गर्दछु । अहिलेसम्म भएको छैन, हुन त विधेयक आउँदैमा सबै कुरा हुन्छ भन्ने होइन है हामीलाई थाहा छ । त्यही पनि आशा गरौं ।

अर्को कुरा प्रहरीहरूले धेरै वर्ष सेवा गर्नुहुन्छ । बढुवा हुनुहोला, सरुवा हुनुहुन्छ । र यो निवृत्तिभरण पेन्सनको बारेमा पनि यो विधेयकमा कतै लेखेको देखिएन । हुन पनि यो ऐन अनुसार तोके बमोजिम हुने होला तैपनि उल्लेख गर्न पाएको भए, जानकारी पाउन पाएको भए राम्रै हुने थियो । अर्को कुरा यो फरार घोषित गरिएको संदीग्ध कसुरदारलाई पक्राउपूर्जी विना पक्राउ गर्न सक्ने छ भनेर भनेको छ । यो घोषित भनेको त्यही मान्छे, शंका गरेको मान्छे, जो मुद्दा फैसला भएको छैन । त्यस्ता मान्छेलाई प्रहरीले बिना पूर्जी प्रक्राउ गर्न सक्नेछ भनेर भनेको छ । तर उदाहरण धेरैका छन्, धेरै छन् हाम्रो देशभरी । अस्ति भर्खरै चार दिन भयो, बाग्लुङमा निसीखोला गाउँपालिकाका एक जना मानबहादुर शाही भन्ने मान्छेलाई अदालतमा ल्याएर प्रहरीले बुझाएको छ । २०४२/०४३ सालमा घटेको घटना, जो ज्यान केसमा घटेको घटना मानबहादुर शाही भन्ने मान्छेलाई २० वर्ष जेल र कति हजार जरिवाना भनेर भनेको छ र उहाँ मानबहादुर भएको कारणले अरु कारणले होइन । छानविन त लिएर, गरिबलाई अनि जनतालाई दुःख दिएर छानविन गर्ने हो र ? ऊ भागेको मान्छे पनि होइन, २४ सै घण्टा गोठालो दुःख गरेर, खेतीसेती गरेर खाने मान्छे । जो गत

वर्ष पहिरोले घर पुरिँदा उहाँको श्रीमती र उहाँको बुहारीलाई उहाँले उहाँको उसबाट मृतक भइसकेका छन् । पीडित हुनुहुन्छ उहाँ । त्यसकारणले गर्दा अब आइन्दा उहाँ फरार भएको व्यक्ति त होइन, त्यस्ता मान्छेलाई कानूनले न्याय दिओस् । यो विधेयकले अब आइन्दा त्यस्तो नहोस्, त्यो पनि हामीले आशा गरौं । यो विधेयक मैले शुरुमा पनि भनिसकेँ । एकदम महत्वपूर्ण विधेयक हो । मेहनतका साथ, सुझबुझका साथ यहाँ आएको छ । यो विधेयक पनि संघीय व्यवस्थाको संघीय प्रणाली अनुसार नै भनेर ल्याइएको छ तर यही संघीयताको कारण मनले ताक्छ मुँडो, बञ्चरो ताक्छ घुँडो हुने त होइन ? यो प्रदेशवासी जनताहरूले शंका गर्ने ठाउँहरू धेरै छ भन्दै मेरो भनाइ अन्त्य गर्दछु, धन्यवाद ।

**माननीय सदस्य श्री कृष्णबहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुखज्यू, आज हामीले यो सम्मानित सभामा गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि दफाबार छलफल गरेर यो विधेयकलाई पारित गर्दैछौं र यो विधेयक पारित भइसकेपछि सम्भवतः हाम्रो गण्डकी प्रदेशमा संघीयतालाई लागू गर्ने र प्रदेशको अधिकारलाई सुनिश्चित गर्ने काममा एटटा यो विधेयक पनि कोशेढुंगा सावित हुनेछ । हाम्रो संविधानको धारा ५७ को एउटा व्यवस्था त्यस्तै गरेर धारा २६८ बुँदा नं. २ को अर्को व्यवस्थाले पनि हरेक प्रदेशमा प्रहरी संगठन राख्ने व्यवस्था गरेको छ । सम्भवत आज हामी यो प्रदेश प्रहरी संगठन र गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा जुन विधेयकको बारेमा छलफल गर्दै छौं ।

मलाई के लाग्छ भने, नेपालको प्रहरीको संक्षिप्त एउटा इतिहास के छ ? त्यो बारेमा पनि हामीले एक खालको जानकारी लिनुपर्ने आवश्यकता छ कि जस्तो मलाई लाग्छ । मेरो विचारमा नेपालको प्रहरीको संक्षिप्त इतिहासको हामीले सर्सती हेर्दाखेरी के देखिन्छ भने, नेपालको प्रहरी, नेपालको गैर सैनिक प्रहरी सेवा हो । यसको औपचारिक स्थापना २०१२ सालको प्रहरी ऐन जारी भएपछि आश्विन महिनामा भएको हो । प्रहरी संगठनको सुरुवात, शान्ति सुरक्षा कार्यमा प्रहरीलाई व्यवस्थित रूपमा परिचालन गर्ने कार्य सन् १९१४ देखि शुरु भएको थियो । चन्द्रशमशेरले पहिलो पुलिस सबाल जारी गरी वीरगञ्जको शान्ति सुरक्षा कायम गर्ने जिम्मा प्रहरीलाई सुम्पेका थिए । अगष्ट १९१४ मा चन्द्र शमशेरले अंग्रेज सरकारलाई ८ हजार फौज तत्कालै सहयोग पठाउने स्वीकार गरे । चन्द्र शमशेरकै शासन कालमा सन् १९२८ सम्ममा तराईका अन्य जिल्लाहरूमा पुलिस गोस्वारा, थाना तथा चौकीहरू स्थापना गर्न चन्द्र शमशेरले विभिन्न सबालहरू जारी गराए । सन् १९१९ वि.सं. १९७६ पौषको अन्त्यतिर काठमाडौं उपत्यकाको शान्ति सुरक्षाको व्यवस्था प्रहरीलाई सुम्पेको, सदर जिल्ला पुलिस इनिस्पेक्टर सवाल जारी गरी यही सबालले काठमाडौं उपत्यकामा शान्ति सुरक्षा नियमित एउटा पुलिस गोस्वाराखाना, सत्र चौकी खडा गरी सदर

पुलिस गोस्वारा हनुमान ढोकामा स्थापना गरिएको भन्ने छ । ६ खानामध्ये चार खाना क्षेत्रपाटी, असन, बालभैरव, जैसीदेवल तथा बाँकी २ खाना ललितपुर र भक्तपुरमा एक-एक खडा गरी बाँकी चौकीहरू उपत्यकाका सहरी क्षेत्र वरिपरी स्थापना गरिएको थियो । २००७ सालको क्रान्तिपश्चात नेपालका विभिन्न भागमा छरिएर रहेका प्रहरी इकाइहरूलाई संगठित रूपमा परिचालन गर्न सन् १९५१ तिर प्रहरी प्रधान कार्यालयको स्थापना गरी प्रहरी प्रशासनको सम्पूर्ण जिम्मा प्रहरी महानिरीक्षकलाई लगाइएको थियो । यसका पहिलो आइजीपी तोरण शमशेर जबरा रहेको इतिहासमा पाइन्छ । सन् १९५५ मा प्रहरी व्यवस्था विद्यमान कमजोरीलाई हटाई यसलाई संगठनात्मक रूपमा सुदृढ प्रहरी सुधार आयोगको गठन भएको थियो र यसको सुझावको आधारमा सन् १९५५, वि.सं. २०१२ मा प्रहरी संगठनलाई नेपाल पुलिस फोर्सका रूपमा वैधानिक स्वरूप प्रदान गरियो । यसरी हामीले सरसर्ती नेपाल प्रहरीको इतिहास हामीले यसको पाउँछौं ।

सभामुख महोदय, आज हामी यो सम्मानित सभामा नयाँ इतिहास रच्दै छौं । गण्डकी प्रदेश प्रहरी इतिहास सुरु गर्ने अवसर हामीलाई मिलेको छ । हाम्रो यो प्रदेशमा कम्प्युनिष्ट पार्टीको सरकार, मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ र आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमानको नेतृत्वमा जुन यो विधेयक, यो सम्मानित सभामा आएको छ । मलाई लाग्छ यो विधेयक हामीले पारित गरिसकेपछि, यो लागू भइसकेपछि हामी सबै सभासदहरूका लागि गण्डकी प्रदेशका सबै जनताहरूका लागि, हाम्रो सरकारको लागि र यो गणतन्त्रलाई संस्थागत विकास गर्नका लागि यो एकदमै महत्वपूर्ण अध्याय थपिने छ भन्ने विश्वास मैले लिएको छु ।

सभामुख महोदय, यो विधेयकको सरसर्ती हामीले यो विधेयक पढ्दा यसका केही महत्वपूर्ण अंशहरू र यसका यो बारेमा केही कुराहरू म यहाँ राख्न चाहन्छु । जस्तै परिच्छेद ३ को दफा १२ को ग अनुसार उल्लेखित महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, सीमान्तकृत वर्ग तथा विशेष संरक्षण आवश्यक पर्ने व्यक्तिको हकहितको संरक्षण र सुरक्षालाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने भनिएको छ । यो एकदमै राम्रो छ यो । यस्तै परिच्छेद ३ को दफा २१ का ७, ८ र ९ मा रहेका बुँदाहरू उल्लेखित जस्तो थुनामा रहेका महिलाहरूका आफ्ना गोपनियता कायम गर्ने स्तरको सुविधा र महिला प्रहरीको सहयोग प्राप्त गर्ने । महिला, बालबालिका र अपाङ्गताको व्यक्ति, सीमान्तकृत उत्पीडित र उपेक्षित व्यक्ति तथा ज्येष्ठ नागरिकको भेदभावरहित लैङ्गिक सम्मानपूर्ण र प्रभावकारी प्रहरी सेवा पाउने तथा वैयक्तिक गोपनियताको संरक्षण हुने गरी प्रहरी सेवा प्रदान गर्ने । त्यस्तै गरेर परिच्छेद ४ दफा २४ को उपदफा ६ मा उल्लेखित प्रदेश प्रहरी सेवालाई समावेशी बनाउन खुला प्रतियोगिता परीक्षाद्वार पदपूर्ति गर्ने पदहरूमध्ये ४५

प्रतिशत पद महिला, आदिवासी जनजाति, मधेशी, दलित र पिछडिएकोलाई छुट्याइएको प्रतिष्पर्धामा सामेल गर्ने यो एकदमै उपयुक्त व्यवस्था छ। त्यस्तै गरेर परिच्छेद ४ दफा ३० को उपदफा २ मा उल्लेखित बढुवा समितिमा रहेका प्रदेश प्रहरी पदाधिकारी वा निजामति कर्मचारी नजिकको नातेदार, बढुवाको लागि सम्भाव्य उम्मेदवार रहेछ र त्यस्तो उम्मेदवारको बढुवा सिफारिस गर्नु पर्ने भएमा प्रदेश प्रहरी पदाधिकारीको हकमा प्रमुख सचिव, त्यस्ता पदाधिकारीको सट्टा समान तहको अर्को पदाधिकारीलाई बढुवा समितिमा काम गर्ने गरी त्यो पनि एकदमै महत्वपूर्ण छ । त्यस्तै गरी परिच्छेद १० दफा ७८ मा उल्लेख भए बमोजिम वैदेशिक तालिममा, मिसनका लागि सिफारिस गर्दा सकल दर्जाका प्रहरी कर्मचारीमध्येबाट कसैलाई भेदभाव नगरी समान अवसर पाउने गरी सिफारिस गरिने यी-यी एक खालको हाम्रो विधेयकका असाध्यै महत्वपूर्ण बुँदाहरू छन् ।

सभामुख महोदय, सौभाग्य कस्तो परेको छ भने, आज हामीले यो विधेयक पारित गर्ने बित्तिकै हाम्रो प्रहरी संगठन बनिहाल्छ त्यतो चाहिँ होइन । एउटा महत्वपूर्ण काम हामीले सक्दै छौं । सञ्जोग र सौभाग्य एउटा गज्जबले कस्तो जुरेको छ भने, म आफैं निर्वाचित भएको निर्वाचन क्षेत्रको महानगरको वडा नं. १५ हाम्रो मन्त्रीज्यू यहीँ हुनुहुन्छ । प्रदेश प्रहरीले मागेको जम्मा दुई सय रोपनी जग्गा थियो । तर त्यहाँ हामीले उहाँहरूलाई सात सय रोपनी जग्गा उपलब्ध गराएका छौं । त्यसको लालपूर्जा उपलब्ध भएको छ । मलाई लाग्छ यो हाम्रो सातवटै प्रदेशमा सबैभन्दा धेरै अब तराइतिर के छ मलाई थाहा छैन, त्यहाँ पनि त्यति जग्गा नपाउँलान । तर पहाडी क्षेत्रमा ७-७ सय रोपनी जग्गा त्यही पनि पोखराको मुटुमा हामीले यो प्रहरी संगठनलाई उपलब्ध गराएका छौं । यसलाई सहयोग गर्नुहुने, आज यो सम्मानित सभामा उहाँहरूलाई पनि सम्झनुपर्छ । वडा नं. १५ का त्यहाँका समाजसेवीहरू, निर्वाचित जनप्रतिनिधिहरू जसले यो काममा सहयोग गर्नुभयो । उहाँहरूलाई मैले यो सम्मानित सभामा सम्झन चाहन्छु र धेरै-धेरै धन्यवाद व्यक्त गर्न चाहन्छु ।

त्यति मात्रै होइन, अमेरिकाको भ्रमणपछि, अमेरिकाको क्यालिफोनिया स्टेटमा हाम्रो मन्त्रीज्यू भ्रमण गर्नु भएको छ। सम्भवतः त्यहाँबाट पनि धेरै आश्वासन प्राप्त भएको छ र हाम्रो त्यो तालिम केन्द्र नेपालकै एकदमै अत्याधुनिक तालिम केन्द्र हुने भएको हुनाले अरु प्रदेशका प्रहरी संगठनका साथीहरू पनि त्यो हाम्रो तालिम केन्द्रमा आएर धेरै कुराहरू सिक्ने मौका पाउनेछन् भन्ने विश्वास पनि यो सम्मानित सभामा म लिन चाहन्छु । त्यसका साथसाथै आफ्ना केही विचारहरू, यो धेरै हाम्रा विधेयकहरू बनाउँदा स्वभाविक रूपमा त्यो छलफलमा पुरुषहरूको संख्या नै धेरै हुन्छ। त्यसमा पहलकदमी गर्ने पुरुषहरूकै संख्या बढी हुन्छ । यो हाम्रो विधेयकमा जसरी एउटा सपथको व्यवहोरा छ, त्यो सपथको व्यहोरामा

मलाई के लाग्छ भने, त्यो सपथ गरिरहँदा त्यहाँ चयन गर्ने शब्दहरू जसले एकखालको हाम्रो राष्ट्रप्रतिको गौरवलाई झल्काउन सकोस् । हाम्रो देशको इतिहासप्रतिको गौरवलाई झल्काउन सकोस्, हाम्रो देशका यो इतिहास रच्ने हाम्रा वीर पुर्खाहरूप्रतिको गौरवलाई झल्काउन सकोस् । त्यो सपथमा त्यो व्यवस्था हुँदा राम्रो हुन्छ कि भन्ने मलाई लाग्छ । त्यो सपथमा दोहोरो अर्थ लाग्ने शब्दहरू अत्यावश्यक, आवश्यक पऱ्यो भने गरौंला भन्ने त्यस्ता शब्दहरू नराख्दा ठीक हुन्छ जस्तो लाग्छ । त्यसको साथसाथै, यो विधेयकलाई हामीले बढी भन्दा बढी, ठूलो हिस्सा आधा भन्दा बढी जनसंख्याको हिस्सा महिलाहरू भएको हुनाले यसलाई महिलामैत्री विधेयकको रूपमा हामीले बनाउँदा राम्रो हुन्छ कि भन्ने मेरो विचारमा त्यस्तो लाग्छ त्यसकारणले केही सुझावहरू पनि राख्न चाहन्छु ।

जस्तै महिलालाई प्रतिस्पर्धी बनाउँदै यो भर्नाको संख्यामा वृद्धि गर्नुपर्ने देखिन्छ । त्यस्तै गरेर महिला प्रहरीको मान वृद्धि गर्ने कार्यमा एकदमै अल्ली लचकता, अरुको तुलनामा लचकता अपनाउने, क्षमताको आधारमा मान, पदवी र अलंकारमा जोड दिनुपर्ने, त्यस्तै गरेर अनुसन्धान कार्यमा महिला प्रहरीलाई बढी प्राथमिकता दिनुपर्ने । महिला प्रहरीलाई बढी वैदेशिक तालिम, गोष्ठी र त्यसको अवसरहरू प्रदान गरिनुपर्ने, त्यसको साथसाथै यो महिला प्रहरीको लागि एउटा छुट्टै ब्यारेकको व्यवस्था भयो भने, त्यसले अझै काम गर्न सजिलो हुन्छ । त्यसमा पनि ध्यान दिन जरुरी छ । मेरो समय पनि सक्कियो र यो विधेयक प्रति म कृष्णबहादुर थापा र हाम्रो पार्टी नेपाल कम्प्युनिष्ट पार्टी नेकपाको पूर्ण-पूर्ण रूपमा समर्थन रहेको जानकारी गराउँदै विदा हुन चाहन्छु । धन्यवाद ।

**माननीय सदस्य श्री कृष्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु ।**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश प्रहरी सन्दर्भमा बनेको विधयकेमा म छलफल गर्न गइरहेको छु । अब यो विधेयेक आउँदा संघीयता असाध्यै कार्यान्वयन हुने र खुसी हुने भन्ने कुरा यहाँ धेरै माननीयज्यूहरूले भनेको सुनियो । मन्त्रीज्यू त खुसी नै भए पनि भन्नुभयो जस्तो लाग्यो मलाई । आउँदैन कि भन्ने डर त रहेछ नि ? त्यसकारण मैले के अनुरोध गर्न चाहन्छु भने, यो घुमाइफिराइ किसिमले आयो, तर टिकाउनी कसरी भन्ने चिन्ता पनि गर्न पर्छ कि जस्तो मलाई लाग्छ । किनभने यो धेरै खर्चिलो छ, महङ्गो छ र यसको व्यवस्थापनमा धेरै गाह्रो छ । अर्कोतिर फेरि हाम्रो देशको संघीयता वास्तवमा संघीयताका प्रवर्तकले भनेको जस्तो होइन, संघीयतामा आत्मनिर्णयता हुनुपर्छ भनिएको छ, संघीयतामा जातीयता हुनुपर्छ भनिएको छ ।

संघीयतामा एक वा दुई अथवा विखण्डन पनि हुन सक्ने र आत्मनिर्णय पनि हुन सक्ने भनिएको छ । त्यसकारण हाम्रो देशको संघीयता त्यस्तो संघीयता होइन । केन्द्रतिर, संघतिर र विशेष गरेर यो प्रधानमन्त्रीय शासन व्वस्थातिर फर्केर हेरिरहने र त्यसबाट आदेश

दिएपछि चलाउने किसिमको एउटा संघीयता हो । त्यसैले गर्दाखेरी मलाई लाग्छ यो, त्यति आत्मनिर्भर आत्मप्रहर होइन कि भन्ने मलाई लाग्छ त्यसैले मैले यो कुरा यहाँहरूसँग भनेँ । यो विधेयकको धारा २ को 'ज'मा एउटा व्यवस्था गरेको रहेछ । यो स्थायी आवासीय अनुमति भन्नाले भन्ने व्यवस्था गऱ्या छ । यो व्यवस्था किन गरिएको हो ? यो अल्ली अस्पष्ट छ जस्तो लाग्छ मलाई । त्यसले गर्दा यसको स्पष्टताको आवश्यकता खोज्दछ । अर्कोतिर यो विधेयकमा प्रदेशमा सीमित भएका प्रदेश प्रहरीहरू त्यो भन्दा ठूलो पोष्टमा आन्तरिक किसिमको बढुवा हुन पाउने कि नपाउने ? त्यहाँ जान पाउने कि नपाउने ? भन्ने कुरालाई यो विधेयकले स्पष्ट पार्न सकेको छैन मलाई लाग्छ यो व्यवस्था हुन आवश्यक छ । कुनै पनि योग्यता, क्षमता, दक्षता प्राप्त गरेको व्यक्तिले माथिल्लो तहमा पनि उसले प्रतिस्पर्धा गर्ने व्यवस्था हुनुपर्छ भन्ने मलाई लाग्छ । पोर्टफोलियोको हिसाबले त्यो कति सीमित छ, यस विषयमा स्पष्ट हुन आवश्यक छ । अर्कोतिर यो जुन विधेयक छ, अपूरो विधेयक छ के ! यही विधेयकको धारा १४ मा स्पष्ट के लेख्या छ त भने, अपराध अनुसन्धान आदि के-के गर्नका लागि २०७४ को संघीय ऐन अनुसार हुनेछ भनिया छ के । त्यसले गर्दा के हुन्छ भने यो विधेयकले अपराध अनुसन्धान गर्दा खेरी, गर्न पऱ्यो भने यसलाई छोडेर त्यो विधेयक हामीले हेर्न पर्ने स्थिति सिर्जना गऱ्या छ । यसैले गर्दाखेरी यो प्रदेश एकदम बलियो हुने प्रकारको विधेयक देखिँदैन । त्यसैले गर्दा खेरी मैले यो कुरा पनि भने र अर्कोतिर एउटा सिडियोमाथि दुईटा राज्यका प्रमुखहरूले निर्देशन गर्ने किसिमको एउटा यो विधेयकले बोल्छ । संघले पनि निर्देशन गर्ने, प्रदेशले पनि निर्देशन गर्ने अनि कल्ले भनेको मान्नी भन्नी प्रश्न यहाँ खोजी बनिरहेको छ त्यसले गर्दा खेरी मैले यिनै कुराहरू यहाँहरूको अगाडि भनेँ ।

अर्कोतिर हामीले यो विधायन समितिमा धारावाहिक असाध्यै छलफल गर्छौं ह्रस्वदीर्घ पनि प्रयोग गर्न दिँदैनौं भन्ने कुरा मलाई लाग्छ विधेयकको आएको एउटा संशोधनले जनाउँछ जस्तो मलाई लाग्छ । हाम्रो माननीयज्यूले एउटा यो संघीयतालाई एकदम राम्रो व्यवस्था गर्न पर्ने भएको हुँदा त्यो राख्नुपर्छ भन्ने शब्द राख्नुभरछ । त्यो त विधायन समितिले नभनेर वास्तवमा त्यसमा पनि तपाईंहरू संघीयताका सबै पक्षधरहरूले मान्दिनुपर्ने हो नि । तपाईंहरूले मान्दिएका भए हामीलाई अप्ठ्यारो पर्थ्यो । हुन्न भन्न पाइन्थ्यो तर अहिले तपाईंहरूको मत के हुन्छ ? तपाईंहरूले हुन्छ भन्नु हुन्छ कि हुन्न भन्नुहुन्छ ? संघीयतालाई व्यवस्था गर्नुपर्छ भन्ने व्यवस्थामा पनि उहाँले संशोधन गर्नुभएको छ । अब त्यसलाई तपाईंहरूले हुन्छ भन्नु हुन्छ कि हुन्न भन्नुहुन्छ ? त्यसकारणले संघीयताको जग यस्तै धर्मराउँदो प्रकारको छ भन्न खोजेको हो मैले । यसले गर्दा हामीलाई भन्न सजिलो भयो । हाम्ले त हुन्न नै भन्ने भयौं । यसले गर्दा खेरी यो अवस्था पनि देखियो ।

अर्कोतिर यो कुनै पनि राज्य, सामन्तीप्रकारको छ भने त्यो राज्यमा यो समावेशिताको आरक्षताको प्रश्न धेरै उठ्ने गर्दछ । किनभने त्यस्ता वर्गहरू, समुदायहरू, जातिहरूलाई के गरिँदैन ? सम्बोधन गरिँदैन । त्यसले गर्दाखेरी अहिलेको व्यवस्था वास्तवमा कम्प्युनिष्ट व्यवस्था भए पनि सामन्ती अवशेषहरू, चिन्तनहरू, सोचाइहरू भएका कारणले गर्दा नै अहिले हामीले समाजमा हरेक किसिमको पदहरुमा, हरेक ऊ मा के गर्नुपर्ने भएको छ, समावेशीता, आरक्षता, तिनलाई व्यवस्थापन गर्ने अवस्था छ । यसले गर्दाखेरी मलाई लाग्छ, यसलाई कुनै पनि जाति, कुनै पनि समुदाय, असाध्यै पिछडिएको छ भने त्यसलाई अल्ली धेरै आरक्षण दिनका लागि हिचकिचाउनु हुँदैन । तर त्यतिमात्रै कैद गर्न पनि हुँदैन भन्ने कुरा मैले यहाँ राख्दै आफ्नो भनाइ यहीँ टुङ्ग्याउँछु, धन्यवाद ।

**माननीय सदस्यहरू अब म आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई छलफलमा उठेको प्रश्नहरूको जवाफ दिन अनुमति दिन्छु ।**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि यस गरिमामय सभामा हामी छलफल गरिराखेका छौं । माननीय सदस्यज्यूहरूले आफ्ना जिज्ञासाहरू, प्रश्नहरू र आलोचनाहरू पनि यहाँ प्रस्तुत गर्नुभएको छ । त्यस सन्दर्भमा म जवाफ दिनका  निम्ति यस रोष्टममा उभिइरहँदा, यो जवाफ दिन पाउनु पनि गर्वको कुरा हो भन्ने महसुस भइराखेको छ । यो जवाफ दिन पनि लामो समय पर्खनु पऱ्यो र आज यो ऐतिहासिक दिन बन्यो । जुन दिन हामी गण्डकी प्रदेश प्रहरी गठन गर्नका लागि प्रहरी ऐन पारित गर्न गइराखेका छौं र यहाँ संघीयताको सन्दर्भमा जसरी-तसरी चर्चा भए पनि हामी सबैलाई महसुस भएको कुरा के हो भने, हामी संघीयताको कार्यान्वयनमा हामी जतिबेलादेखि हामी चुनियौं, जनताको प्रतिनिधिका रूपमा प्रदेश सभामा चुनियौं । सरकारको गठन गऱ्यौं । प्रदेश सभाको सञ्चालन गऱ्यौं र यति धेरै यहाँ ४२ वटा कानून निर्माण भइसकेको कुरा माननीयज्यूहरूले चर्चा गरिसक्नु भएको छ ।

यी लगायतका हाम्रा विकास निर्मार्णका योजना यी सबैले हामी संघीयताको कार्यान्वयन गरिराखेका छौं भन्ने कुरा पुष्टि गरेकै छ । मैले स्मरण मात्रै गराउन चाहेको, हामी संविधानको कार्यान्वयन, संघियताको कार्यान्वयन जतिबेला हामी निर्वाचित भयौं त्यतिबेलादेखि नै अगाडि बढिरहेका छौं भन्ने कुरा हामी कसैले भुल्नुहुँदैन तर पनि यो संघीयताको संविधान बन्ने बित्तिकै अर्थात संविधानमा हामीले संघीयता लेख्ने बित्तिकै आफैं कार्यान्वयन हुने कुरा होइन, यो क्रमशः कार्यान्वयन हुँदै जाने कुरा हो र क्रमशः हामी कार्यान्वयन गर्दै अगाडि बढिरहेका छौं । संघीयता कार्यान्वयनका विभिन्न आयामहरू, विभिन्न प्रक्रियाहरू पार गर्दै हामी यहाँसम्म आइपुग्या छौं । यतिबेला सैद्धान्तिक छलफलको बेलामा पनि राखेको थिएँ कि साँच्चै सरकार बन्नका निम्ति हामीसँग आफ्नै कर्मचारी

हुनुपर्छ, आफ्नै प्रहरी संगठन हुनुपर्छ भन्ने कुरा राखेको थिएँ । त्यही अनुसार हामी आफ्नै प्रहरी संगठन निर्माणका निम्ति यो विधेयक ल्याएका छौं । यो संघीयता कार्यान्वयनको सबैभन्दा महत्वपूर्ण आयाम बनिराखेको छ । यो सैद्धान्तिक छलफलका क्रममा पनि हामीले छलफल गरिसकेका छौं । मैले यहाँ धेरै जवाफ दिनुपर्छ भन्ने लागिराखेको छैन । जति पनि जिज्ञासाहरू, प्रश्नहरू माननीय सदस्यज्यूहरूले उठाउनु भाको छ मलाई त के लाग्यो त भन्दाखेरि यो अल्लि ठूलै ठेली भएको हुनाले र महत्वपूर्ण विधेयक पनि अल्लि मोटै रूपमा पनि प्रस्तुत भएको हुनाले यसलाई अल्लि छिचल्न सक्नु भएन छ कि भन्ने लागेको छ । उत्तर त्यहीँ छ । अब मैले यसको जवाफ दिँदा यो धारामा यो लेख्या छ, यो धारामा यो लेख्या छ भन्नुपऱ्यो त्यति धेरै म जान चाहन्न । यसको मूल पक्षमा मात्रै मैले केही विषयहरू स्पष्टताका लागि राख्न चाहन्छु ।

अब यो सन्दर्भमा, माननीय सदस्यज्यूहरूले अब संघीयता कार्यान्वयनमा अन्तिममा हाम्रा एक जना माननीय सदस्यले राख्नु भो । संघीयता कार्यान्वयन हुन्छ कि हुँदैन भन्ने कुरामा मन्त्रीज्यू नै धुरमुरमा हुनुहुँदो रहेछ हास्नु भाछ पनि भन्नु भो । हैन हामी त ढुक्क थियौं नि, संघीयता कार्यान्वयन गर्दै आएको कुरा मैले अघि पनि चर्चा गरेँ । अझ यसलाई, संघीयता कार्यान्वयनको प्रक्रियालाई अझ ठोस र व्यवस्थित रूपले हामी अगाडि बढाउँछौं । प्रदेश सभा र प्रदेश सरकारलाई अझ सुदृढ, अझ सशक्त बनाउँदै हामी अगाडि बढ्छौं । त्यो त क्रमशः अगाडि बढ्ने कुरा हो र त्यो त हामी गरिराखेका छौं र विधेयकले, यो विधेयकले प्रदेश सभाको गरिमा त यति महत्वपूर्ण विधेयक पारित गर्ने यो प्रदेश सभाको गरिमा यसै माथि उठेको छ । प्रदेश सरकारको महत्व र यसको गरिमा पनि यसले, यो विधेयकले उठाएको छ । त्यसकारण यो सन्दर्भमा मैले अरु चर्चा गरिन् । यसै सभामा यो विधेयक पारित गरिरहँदा हामी सबैले गर्व गर्नैपर्छ गर्व गरिराखेको पनि मलाई अनुभूति भइराखेको छ । मैले अघि भन्दै थिएँ, त्यो केही प्रश्नहरू उठे, त्यस सन्दर्भमा अब कस्तो होला त प्रहरी संगठन ? प्रदेश प्रहरी संगठन भनेर अब हिजो त यस्तो थियो, हिजोका कमी कमजोरीहरू औंल्याउँदै केही प्रश्नहरु उठे । हामीले यो विधेयक ल्याइरहँदा सैद्धान्तिक छलफलमा पनि हामी के भनेका थियौं भने हिजोको अर्थात् नेपाल प्रहरी ऐन २०१२ त्यो शासकहरूतिर फर्केको विधेयक, ऐन थियो । हिजो व्यवस्थै त्यस्तो थियो र त्यहाँका शासकहरूतिर फर्किएको, शासकहरूको अरनखटन मात्रै पालना गर्ने, त्यो खालको, त्यो बन्न गाको छ र त्यसमा आमूल परिवर्तन गरेर अब संघ सरकारले पनि नेपाल प्रहरी ऐन ल्याउँदै छ उहाँहरूले । त्यसको ड्राफ्टमै हुनहुन्छ उहाँहरू त्यो ल्याउँदै हुनुहुन्छ र हामीहरूले जनताप्रति फर्केको, जनताप्रति उत्तरदायी, जनताप्रति जवाफदेही अर्थात नागरिकमुखी प्रहरी निर्माण गर्न गइराखेका छौं । त्यो हिसाबले यो विधेयक ल्याएका छौं भन्ने कुरा हामी राखिसकेका छौं र यसकारण हिजोका ती कमीकमजोरीहरू एउटा परिस्थितिमा बनेका थिए ।

एउटा खालको त्यहाँको मनोवृत्ति र त्यही खालको कानून त्यसलाई परिवर्तन गरेर अब हामी संघीयतामा आएका छौं । संघीयता अनुसारकै हाम्रो संरचनासंगठन संरचना निर्माण गरेर हामी त्यो परिस्थितिलाई बदल्नका निम्ति, साच्चै जनतालाई परिवर्तनको अनुभूति दिलाउनका निम्ति यो विधेयेक ल्याएका छौं । यो विधेयकले त्यो मद्धत गर्छ र यसकारण अबको प्रहरी संगठन हिजोको जस्तो होइन, नयाँ सोचसहितको नयाँ साच्चै नयाँ संगठनको रूपमा यो हामी गठन गर्न गइरहेका छौं । तैपनि प्रश्न यहाँ उठ्यो कि भन्न त नयाँ भनियो तर आखिर यो त समायोजना भएर पो बन्ने रहेछ प्रदेश प्रहरी भन्ने कुरा पनि यहाँ उठाउनु भो । अब पहिलो चरणमा, पहिलो पटकमा जुन नेपाल प्रहरी छ, नेपाल प्रहरीबाटै त्यसलाई हामीले समायोजन गरेर अर्थात नेपाल प्रहरीबाटै प्रदेश प्रहरीमा आवश्यक जनशक्ति ल्याएर नै हामी गठन गर्छौं । त्यसमा हाम्रो आफ्नै संगठन संरचना, त्यसको एउटा सर्वेक्षण गरेर हामीले हाम्रो प्रदेशलाई कति प्रहरी जनशक्ति चाहिने हो ? त्यो अनुसारको एउटा ओएनएम भन्छौं हामी संगठनात्मक सर्वेक्षण गरेर हामी आवश्यक प्रहरीको नयाँ भर्ना गर्छौं । त्यसरी प्रहरी संगठनले पूर्णता प्राप्त गर्छ । शुरुमा त हामी जति जनशक्ति छ नेपालसँग अहिले त्यो जनशक्तिमा नै हामी भर पर्ने हो र त्यस सन्दर्भमा पनि मैले अगाडि विभिन्न बुँदामा चर्चा गर्‍या थेँ ।

यही नेपाल प्रहरीमा अहिले जति जनशक्ति छ, त्यो मध्ये दुईतिहाई सातवटा प्रदेशमा बाँडिन्छन् र एकतिहाई नेपाल सरकारसँग रहन्छ भन्ने कुरा मैले यहाँ जानकारी गराइसक्या थिएँ र अब त्यसैबाट हामी प्रदेश प्रहरी संगठन बनाउँछौं । त्यो अब सुरुको चरणमा हुने कुरा हो । क्रमशः हामी आवश्यक जनशक्तिहरू भर्ना गर्दै गएर अब त्यसलाई आफ्नो आवश्यकता अनुसार, प्रदेशको आवश्यकता अनुसार व्यवस्थित गर्दै जान्छौं । अब यस सन्दर्भमा अब केही मैले जवाफै दिनुपर्ने त होइन, तर पनि स्पष्ट त पार्नै पर्ने भो भन्ने लाग्यो । कतिपय कुराहरू प्रक्रिया, कानून निर्माणका प्रक्रियाको बारेमा, कानूनको कार्यान्वयनको बारेमा, हामीले यो कानून बनाइरहँदा कतिपय कुराहरू प्रचलित कानूनबाट पनि साथ लिनुपर्ने, काम गर्नुपर्ने, प्रचलित कानूनहरूले व्यवस्था गरेका विषयलाई यो कानूनले बोल्न आवश्यक नहुने यस्ता कुराहरू हुन्छन् । यी बारेमा अब मैले धेरै चर्चा नगरेर स्मरण मात्रै गराउन खोज्या हुँ । त्यसकारण कतिपय विषयहरू, खासगरी दण्ड जरिवानाका विषयहरू, अनुसन्धानका विषयहरू, दण्ड जरिवानाका विषयहरू हाम्रो देवानी तथा फौजदारी संहिता र हिजोको मुलुकी ऐनलाई मुलुकी संहिता भनेर जुन बनाएका छौं अब त्यो बढो महत्वपूर्ण कानून हो । त्यसमा भर परेर हामी कैयौं कुरा गर्नुपर्ने हुन्छ त्यहाँ व्यवस्था भएका सबै विषयलाई यसमा पनि समावेश गर्नुपर्ने विषय हुँदैन त्यसकारण हामीले यस कानूनमा, यस ऐनमा भएका विषयमा यसै ऐन अनुसार र यस ऐनमा नभएका कुराहरू प्रचलित कानून अनुसार भनेर उल्लेख गरेका छौं । यहीँ विधेयकमा त्यसरी उल्लेख गरेका

छौँ । यो विधेयकको यो विषय सामान्य बुझाइको विषय हो यसैले मैले यति मात्रै भन्न चाहेँ । अलिकति बढी शंका गरेर प्रश्न उठेको कुरा, हिजो सरुवा, बढुवा आदि इत्यादि भर्ना यी आदिमा ठूला बढाहरूको भनसुन लाग्ने यी आदि कुराहरू जो कुराहरू उठेका छन्, हामीले त्यसलाई स्प्टिममा चलाउनका निम्ति अर्थात यसको सरुवा बढुवासमेत एउटा अनुमान योग्य बनाउनका निम्ति यो विधेयकमा व्यवस्था गरेका छौं । त्यसरी नै चर्चा हुँदै जाँदा यो समावेशीताको कुरा, महिला अधिकारको कुरा यी आदि कुराहरू पनि यहाँ उठेका छन् । संशोधन प्रस्तावै छ त्यो बारेमा अलिकति कुरा राख्छु र त्यो बारेमा पनि यहाँ माननीयज्यूहरूले प्रस्तुत गरिराखेका त्यसको बारेमा पनि व्यवस्था गरेका कुरा यहाँ आइ पनि सक्या छ । मैले फेरि त्यो दफा दोहोर्‍याएर भन्न चाहिन । त्यहाँ महिलाहरूले आफू पक्राउ पर्दा अथवा आफूले कसैप्रति उजुरी गर्दा महिला प्रहरीको सहयोग प्राप्त गर्ने, उनीहरूको गोपनियता भंग नहुने एउटा स्थितिको निर्माण गर्ने भन्ने यी आदि कुराहरूको चर्चा त यो विधेयकले नै गर्‍या छ । यसकारण यी सबैलाई यी सबै पक्षलाई नियालेर अब फेरि दोहोर्‍याएर पनि हामी हेर्दै जाने छौं । यसलाई बुझ्दै जाने छौं । यति नै कुरा राखेर अब संशोधन प्रस्तावसँग सम्बन्धित केही विषयहरू मैले राख्न चाहन्छु ।

तीनवटा विषयमा संशोधन प्रस्ताव यहाँ प्रस्तुत भाछ, संशोधन प्रस्ताव परेको छ । त्यस सन्दर्भमा विधायन समितिमा पनि मैले जवाफ दिएको थिएँ र त्यसमा मुख्य कुरा यो आधारभूत सिद्धान्त प्रहरी संगठनले हाम्रो प्रहरीले मान्नुपर्ने आधारभूत सिद्धान्तको सन्दर्भमा प्रहरी सेवाका आधारभूत सिद्धान्तका सन्दर्भमा जोडेर त्यहाँ उल्लेख गरिया छ जसरी यहाँ लोकतन्त्र, कानूनको शासन र मानवअधिकारप्रति प्रतिबद्ध रहने भनिएको छ । त्यसरी नै संघीयताको पनि सम्मान गर्ने भन्ने कुरा त्यहाँ उल्लेख हुनुपर्छ भन्ने कुरा छ त्यस सन्दर्भमा पहिला पनि मैले राखेको थिएँ कि, यो विधेयकले पहिलो कुरा राज्यशक्तिको बाँडफाँड धारा ५७, राज्यशक्तिको बाँडफाँड जो भेर उल्लेख गरिएको छ । त्यो संघीयताको कार्यान्वयनको निम्ति त्यो धारा हो, त्यसले राज्यशक्तिको बाँडफाँड गर्‍या छ । राज्यशक्तिको बाँडफाँड विभिन्न अनुसूची अनुसार भएको छ । सूची अनुसार भएको छ । जस्तो अनुसूची ६ प्रदेश सरकारको एकल अधिकार हो, त्यसरी नै अब संघका, स्थानीय तहका र प्रदेशका एकल अधिकार सूची र साझा संघ र प्रदेशको र तीनवटाको साझा अधिकार सूचीको पनि व्यवस्था भाका छन् । यो यसैले के गरिरहेको छ भन्दा, संघीयताको संघीयताको कार्यान्वयन हो यो । राज्यशक्तिको बाँडफाँड, त्यहाँ सूची बनाएर संविधानमै गरिएको अवस्था छ । यसकारण अब यहाँ सिङ्गो विधेयकले नै मैले भरण गर्ने राज्यशक्तिको बाडँफाँड संविधानले नै गर्‍या छ । त्यही राज्यशक्तिको बाँडफाँडको आधारमा प्रदेश सरकारहरू गठन भएका छन् । प्रदेश सरकारले त्यही सूचीका आधारमा आफ्ना अधिकारहरूको कार्यान्वयनका निम्ति कानूनहरू निर्माण गरिराखेको छ । त्यही अनुसार यो गण्डकी प्रदेश प्रहरी ऐन हामी बनाउन

गई राखेका छौं त्यसैकारण यो सिंगो विधेयक नै संघीयता कार्यान्वयनको अर्थात संघीयताको उपज हो । यसैले संघीयतै भन्ने शब्द खोजिरहन जरुरी पर्दैन ।

यो स्वतः सम्बोधन भएको छ संघीयता । प्रदेश प्रहरी संगठन भनेको संघीयताको उपज भएको कारणले अब त्यसलाई स्वीकार गरेर नै गण्डकी प्रदेश प्रहरी गठन हुने अर्थात् गण्डकी प्रदेश प्रहरीमा आउने भनेकै त्यो संघीयतालाई स्वीकार गरेर आउने भनेको हो र सँगै नेपाल प्रहरी, हुन त नेपाल प्रहरी छ । हामीले संघीय प्रहरी भन्न पर्छ भनेका छौं । यहाँ कतै केन्द्रीय प्रहरी, कतै नेपाल प्रहरी छ । संविधानमा पनि यहाँहरूले हेर्नु भा होला । हामीले संघीय प्रहरी भन्दा हुन्छ । प्रदेशको प्रदेश प्रहरी भयो । केन्द्रको संघीय प्रहरी यसो भन्दा उपयुक्त हुन्छ समग्रमा यो नेपाल प्रहरी । समग्रमा नेपाल प्रहरी, संघमा संघीय र प्रदेशमा प्रदेश भनेर भन्नुपर्छ नै भनेका थियौं । अब जे होस् मैले यहाँ भन्न खोजेको त्यो संघको पनि, संघको प्रहरी भने पनि, केन्द्रको प्रहरी भने पनि, संघीय प्रहरी भने पनि, नेपाल प्रहरी भने पनि त्यो संघीयताकै उपज हो । प्रदेश प्रहरी मात्र होइन, त्यो पनि संघीयताकै उपज हो भन्ने हामीले बुझ्नुपर्छ ।  त्यसैले गर्ने कार्यान्वयन पनि संघीयताको कार्यान्वयन हो । यसकारण यहाँ संघीयताप्रति प्रतिबद्ध र अनि यसको सम्मान गर्ने आदि कुरा लेखिरहन जरुरी छैन भन्ने कुरा यो राख्न चाहेँ । अर्को कुरा दोस्रोमा, त्यो उपसमूहहरू बनाउँदा, उपसमूह बनाउँदा महिला न्यायिक सेल, दलित न्यायिक सेल यो बनाउन पर्‍यो भन्ने संशोधन प्रस्ताव पर्‍या छ । अब यो बारेमा हामी नियमावली निर्माण गर्दा नै सम्बोधन गर्ने छौं भनेर मैले विधायन समितिको बैठकमा भन्या थिएँ ।

पहिलो कुरा महिला सेल भनेको उपसमूह होइन, समूह पनि होइन, उपसमूह पनि होइन, कार्यालयभित्रको एउटा सेल हो । एउटा फाँट हो भनिदिँदा पनि हुन्छ । तर यसमा त तपाईं हामी सबैले देख्याछौं । मुद्दा फाँट हुने गर्छ । जिल्ला प्रहरी कार्यालयमा त झन् मुद्दा फाँट अनिवार्य हुन्छ । यही इनिस्पेक्टर रहेन अर्थात इलाका प्रहरी कार्यालयमा पनि मुद्दा फाँट हुन्छ तर हामीले मुद्दा फाँट लेखेका छैनौं त्यो त्यसै कार्यालयभित्र रहने एउटा फाँट हो । शाखा हो । यसकारण त्यो विषयलाई हामीले समूह, उपसमूह उल्लेख नगर्‍या हो । तर यो कानून निर्माण गर्दा त महिला सेल अनिवार्य आउँछ । दलित न्यायिक सेल पनि हुनसक्छ भनेर माननीय सदस्यज्यूहरूले भन्नु भाछ, त्यसै विषयमा हामी नियमावली निर्माण गर्दा नै त्यसलाई छलफल गर्ने छौं । अर्को कुरा अब यहाँ अझै मैले स्पष्ट पार्नुपर्ने एउटा विषय रह्यो । कुरा के हो भने हामी सबैले बुझ्नुपर्ने कुरा, त्यो अनुसूची ६ यो प्रदेशको एकल अधिकार सूची हो । त्यो एकल अधिकार सूची अन्तर्गतका अधिकारहरूको सन्दर्भमा, ती अधिकारहरू कार्यान्वयन गर्ने सन्दर्भमा कानून बनाइरहँदा हामीले त्यहीँ उल्लेख गर्‍या छ कि नेपालको संविधान र प्रदेश कानून अनुसार हुनेछ ।

एकलअधिकार सूचीको अधिकार प्रयोग गरिरहँदा हामीलाई संघीय कानूनले छेक्दैन । त्यो धारा २६८ (२) ले स्पष्ट गऱ्या छ । भन्या मतलब, हाम्रो एकल अधिकारको सूचीमा हामीले संविधानलाई मात्र हेरे हुन्छ । हामी प्रदेश अर्को भनेको प्रदेश ऐन जो हामीले नै बनाउने हो । संघीय कानूनले हामीलाई छेक्दैन । तर साझा अधिकार सूचीमा भएका अधिकारहरूको सन्दर्भमा प्रदेशले कानून बनाइरहँदा अर्थात स्थानीय तहले पनि कानून बनाइरहँदा त्यति बेला भने संविधान, संघीय कानून र तत् तहको कानून अर्थात् प्रदेशको सन्दर्भमा प्रदेश कानुन यिनै कुराको तालमेल हुनुपर्छ अर्थात् प्रदेशले बनाइरहँदा संघको संविधान पनि र संघीय कानून पनिलाई आधारित भएर त्यसमा नबाँझिने गरी बनाउन सकिन्छ । तर यो ऐन, यो ऐन चाही के भयो भन्दा खेरी एकलअधिकार यहाँ माननीयज्यूहरूले राखिसक्नु भएको छ एकल अधिकार सूचीमा भएको १ नम्बरमा भएको अधिकार हो । प्रदेश, प्रहरी प्रशासन र शान्ति सुरक्षा तर हामीलाई के गरियो त भन्दाखेरी धारा २६८ (३) मा भनेर लेख्यो, ३ ले के भन्दियो भन्दा यो सम्बन्धी अर्थात संघीय प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरीवेक्षण र समन्वयसम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ भनिदियो । किन लेखेको भन्दाखेरी अब यो पहिलो कुरा त अब यो हिजो नेपाल प्रहरीको रूपमा मात्र प्रहरी संगठन थियो । त्यही जनशक्ति अब बाँढिनुपर्ने र फेरि त्यसमा देशैभरी प्रहरी संगठनको बीचमा एकरूपता ल्याउनुपर्ने यी सबै कारणले अब यस्तो व्यवस्था हुन पुग्यो । एकलअधिकारको सूची हुँदाहुँदै पनि यो व्यवस्था हुन पुग्यो । त्यो अनुसार यो सम्बन्धी ऐन पनि यो सरकारले बनायो । प्रहरी समायोजन ऐन पनि बनायो । अहिले शान्ति सुरक्षा ऐन सदनमै छ । यी ऐनहरूलाई पनि यी ऐनहरूसँग पनि तालमेल मिलाएर मात्रै हामीले बनाउनुपर्ने भयो ।

मैले अझ यहाँ स्पष्ट गर्न चाहेको कुरा के हो भने, एकल अधिकार सूचीको कानूनको सन्दर्भमा संघीय कानून हामीले हेर्नुपर्दैनथ्यो तर पनि यहाँ हेर्न पर्ने त्यो संग तालमेल मिलाउनु पर्ने स्थिति बन्यो । यसकारण हामीले अलिकति समय पनि पर्खनु पऱ्यो । यो ढिला हुनाको कारण छिटै ल्याउन मन लाग्याथ्यो, यो ढिलो हुनाको कारण यो हो र अर्को कुरा यहाँ जो माननीय सदस्यज्यूहरूले जुन मागहरू उठाउनु भयो यो सन्दर्भमा पनि हामीले अब यसरी बाँधिनु परेको कारणले भनौ यसरी तालमेल मिलाउनुपर्ने कारणले हामीले त्यो भने जस्तो यहाँहरूले जुन संशोधन प्रस्ताव राख्नु भएको छ त्यसलाई सम्बोधन गर्ने स्थिति बनेन । मैले भन्न चाहेको त्यति मात्र होइन, यहाँ स्पष्टै तोकिएको विषयले मात्रै होइन, हामीले प्रदेश सरकारले ऐन बनाइरहँदा अन्य प्रदेशहरूसँग पनि, अन्य प्रदेशका ऐनहरूसँग पनि यसको तालमेल हुनुपर्छ । एउटा प्रदेशले एक खालको बनाइदिने, अर्को प्रदेशले अर्को खालको बनाइदिने र त्यो बीचमा तालमेल नहुने बित्तिकै त्यहाँ समस्या पैदा हुन्छ । यसर्थ त्यसको पनि हामीले आवश्यक समन्वय गरेर नै यो विधेयक ल्याएका छौं । यसकारण यो

खासगरी समावेशी महिला समावेशी गर्ने कुरामा ३३ प्रसेन्ट हुनुपर्थ्यो । संविधानले नै उल्लेख गऱ्या कुरा किन गरिएन भन्ने सन्दर्भमा यहाँ संशोधन प्रस्ताव दर्ता भएको छ र मैले विधायन समितिमा पनि स्पष्ट गऱ्या थिए र यहाँ पनि के भन्न चाहन्छु भने पहिलो कुरा अघि धेरै चर्चा गरेँ । एकलअधिकार भित्रको सूची भित्रको कानून निर्माण गरिरहँदा पनि यसका आधार र मापदण्डहरू संघ सरकारले बनाउन पऱ्यो । त्यो भन्दा बाहिर जान नसकिने, दोस्रो कुरा अन्य प्रदेशहरूसँगको यसको तारतम्य तथा तालमेल हुनुपर्ने र त्यस सन्दर्भमा अब ऐन बनाइरहँदा प्रदेश १ ले त्यही २० प्रसेन्ट उल्लेख गरेको छ । ३ ले तोकिए बमोजिम हुने भनेर आफ्नो ऐनमा २० प्रसेन्ट अर्थात कुनै पनि प्रसेन्ट उल्लेख गरेको छैन । अरु प्रदेशहरूले त्यसलाई बनाउँदै छन् र बनाउन बाँकी नै छन् । बनाउने कुरा उद्धाहरण आएको थियो र प्रदेश २ ले त ५० प्रसेन्ट तोक्या छ भन्ने कुराहरू आएको थियो । त्यो धेरै पहिला उहाँहरूले बनाउनु भयो । उहाँहरू त्यसैमा अडिन सक्नु हुन्न । उहाँहरू त्यसलाई संशोधन गर्दै हुनुहुन्छ । हामी सबै प्रदेशहरूको बीचमा तालमेल मिलाएर मात्रै यस्ता ऐनहरू जस्तो अब एकै प्रकारको हुनुपऱ्यो नि त । सातै प्रदेशको प्रहरी र उस्तै प्रकारको हुनुपऱ्यो । होला त्यसमा केही सेवा सुविधाका कुराहरू तल माथि हुन सक्लान तर एउटाले अर्कै ढंगले गरिदिँदाखेरी अरुलाई त्यसले प्रभावित पार्ने हुनाले त्यसको पनि तालमेल मिलाएर गर्नुपर्ने हुनाले यो विषयमा माननीय सदस्यज्यूको संशोधन प्रस्ताव यति बेला यो अनुपयुक्त हुन्छ भनेर भनेका हौं । यसको मतलब हामी कहिल्यै पनि त्यता बढ्दैनौं भन्न खोज्या होइनौं । बढ्दै जाने हो, यो कार्यान्वयन गर्दै जानी हो तर यसैमा कुराहरू के रहे भने यो वर्ष नसके अर्को वर्ष भन्देया भए पनि हुन्थ्यो भन्ने खालको कुरा पनि यहाँ आथियो । त्यस्तो होइन, यो त हामी आवश्यकतानुसार संशोधन पनि गर्दै जान्छौं । भोलि आवश्यकता पऱ्यो, सबै प्रदेशहरूमा यसरी नै जाऊ भन्ने एउटा परिस्थिति पनि बन्यो भने हामी त्यसलाई संशोधन प्रस्ताव ल्याएर त्यसलाई अगाडि बढाउन सकि हाल्छौं मैले यति कुरा राखेर यस सन्दर्भमा अरु धेरै मैले चर्चा गर्न चाहिन ।

हामी सबै खुसी छौं । एकादुई कमिकमजोरीहरू गर्दै जाने हो, संघीयताको कार्यान्वयन गर्दै जाने क्रममा कतिपय कमी कमजोरीहरू सच्याउँदै पनि गाका छौं । कतै त्यस्ता कमि कमजोरीहरू देखिएछन् भने भोलिका दिनमा हामी त्यसलाई संशोधन प्रस्ताव ल्याएर पनि त अब त्यसलाई संशोधन गर्न सक्छौं त्यो बाटो खुल्लै छ जसरी संविधान गतिशील बन्छ हाम्रो संविधान र त्यसै अन्तर्गत बन्ने कानूनहरू स्वतः गतिशील हुने कुरा भए, प्रगतिशील पनि छन्, यति कुरा राखेर माननीय सदस्यज्यूहरूलाई सभामुखमार्फत हार्दिक धन्यवाद दिएर अब संशोधन प्रस्ताव दर्ता गर्नुहुने माननीयज्यूले पनि यति छलफल भएपछि पक्कै यसलाई फिर्ता लिएर अब यो प्रहरी ऐन अर्थात गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको

विधेयक सर्वसम्मत रूपले पारित गर्न सहयोग गर्नुहुने छ भन्ने विश्वास प्रकट गर्दै विदा हुन्छु हवस् त धन्यवाद ।

**माननीय सदस्यहरू, अब यो छलफल यही समाप्त हुन्छ ।**

**माननीय सदस्यहरू, अब म माननीय हरिशरण आचार्यले सम्वत २०७७ साल असोज ७ गते दर्ता गर्नु भएको संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु।**

विशेष गरी संघीयतालाई अझै नयाँ उचाइमा उठेर कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्ने कुरा, सामाजिक विभेदमा परेका र उत्पीडनमा परेका महिला र दलितलाई अझै नयाँ उचाइमा पुगेर न्याय दिने कुरा र संविधानमा उल्लेख गरिएको विषयलाई कार्यान्वयन गर्ने गर्ने विषयवस्तु संशोधनका विषयवस्तुहरू थिए तिनै विषयवस्तुहरू भित्र रहेर सरकारका सबै धारणाहरू बुझ्दा अझै पनि अस्पष्ट धारणाहरू सरकारकोतर्फबाट आइरहेको र त्यो अव्यक्त रूपमा आएका चिजहरूले कुनै अधिकार, कुनै न्याय दिने कुरा ग्यारेन्टी नभएको कारणले गर्दा उक्त संशोधन प्रस्ताव यथावत रहेको सम्मानित सदनमार्फत जानकारी गराउन चाहन्छु धन्यवाद ।

**माननीय सदस्यहरू अब म, माननीय हरिशरण आचार्यले सम्वत २०७७ साल असोज ७ गते दर्ता गर्नु भएको संशोधन प्रस्ताव फिर्ता लिन अस्वीकार गर्नुभएकोले उक्त संशोधन प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।**

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न मन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने माननीय सदस्यहरूको बहुमत भएकोले उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

**अब म गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको संशोधनको प्रतिवेदनको क्रम संख्या १ मा उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।**

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न मन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ मा उल्लेखित संशोधन सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू अब म गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ मा उल्लेखित संशोधन गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।**

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न मन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रमसंख्या १ मा उल्लेखित संशोधन सर्वसम्मतिले गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू अब म विधेयकको दफा १ देखि ९४ सम्म गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।**

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न मन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा १ देखि ९४ सम्म सर्वसम्मतिले गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।**

**प्रस्तावना**

संविधान प्रद्धत मौलिक हक र मानवअधिकारको संरक्षण गर्दै प्रदेशका शान्ति र व्यवस्था कायम गर्न, अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धान गर्न तथा कानून कार्यान्वयनको लागि गण्डकी प्रदेश प्रहरीको गठन, सञ्चालन, सुपरीवेक्षण र समन्वय गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भ**

१. यस ऐनको नाम गण्डकी प्रदेश प्रहरी ऐन २०७७ रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्म हुने छ ।

**अब म विधेयकको प्रस्तावना र नाम गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।**

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू, अब म आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७७ साल असोज ५ गते बसेको बैठकमा प्रस्तुत भई विधायन समितिमा दफाबार छलफलको लागि पठाइएकोमा समितिबाट प्रतिवेदनसहित गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्राप्त हुन आएकाले प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम समितिको प्रतिवेदनसहित विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद

**माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला ।**

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेश प्रहरीको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल असोज १६ गते दिनको १ बजेसम्मको लागि स्थागित हुन्छ ।**